वर्ष : १७, अंक : ४, काठमाडौं, २०७८ बैशाख २४ गते शुक्रबार, 7 May 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## जसपा नेता कर्णलाई कोरोना



काठमाडौं । पिसिआर परीक्षणका लागि स्वाब दिएका प्रतिनिधि सभाका चार सांसदमा कोरोना सङ्क्रमण पुष्टि भएको छ । सङ्क्रमण पुष्टि हुनेमा जसपाका सांसद लक्ष्मणलाल कर्णसहित सांसदहरू रामबाबु यादव, नरमाया ढकाल र पार्वती डिसी चौधरी छन् । बुधवार १ सय २८ जनाको स्वाब सङ्कलन गरिएकोमा सबैको रिपोर्ट आइसकेको छैन । तर संसद् सचिवालयका अनुसार रिपोर्ट आएका मध्येमा उनीहरूलाई सङ्क्रमण पुष्टि भएको हो । वैशाख २७ गतेका लागि आह्वान भएको संसद्को विशेष अधिवेशनका लागि सांसदहरूको पिसिआर परीक्षण गरिएको हो ।

## मेयर-उपमेयर चढ्ने गाडी एम्बुलेन्समा परिणत

तिलोत्तमा । रूपन्देहीको तिलोत्तमा नगरपालिकाले मेयर तथा उपमेयर चढ्ने गरेको गाडीलाई एम्बुलेन्सका रूपमा प्रयोग गर्ने भएको छ । नगरपालिकाभित्रै कोरोनाका गम्भीर बिरामीको संख्या थपिँदै गएकाले उनीहरूलाई अस्पताल लैजान एम्बुलेन्स अभाव हुन थालेपछि यस्तो निर्णय गरिएको नगरप्रमुख वासुदेव घिमिरेले बताए ।

# महामारीमा प्रदेश सरकारको असफलता उदाङ्गिँदै

## प्रदेशका आठै जिल्लामा न पर्याप्त आइसीयु न भेन्टिलेटर

मधेशवाणी डेस्क

काठमाडौं । गत वर्ष कोरोनाको 'हटस्पट' बनेको प्रदेश २ पुनः एक पटक 'हटस्पट' बन्ने संकेत देखिएको छ । यस प्रदेशका ८ वटै जिल्ला भारतसँग जोडिएको भएपनि प्रदेश सरकारले यसलाई व्यवस्थित गर्न नसकेपछि पुनः जोखिम बढ्दै छ ।

प्रदेशका ८ वटै जिल्ला भारतसँग खुल्ला सीमानाका भएका कारण भारतबाट नेपाल र नेपालबाट भारत जानेको संख्यामा कमि आएको छैन ।

मानिसको आवतजावत जारी रहे पनि स्वास्थ्यको न्यून्तम मापदण्डसमेत अपनाइएको छैन । भारतमा कोरोना संक्रमण भयावह बन्दै गएपछि त्यहाँ रोजगारीमा रहेका नेपालीहरु समेत फर्कने गरेका छन् । तर उनीहरुलाई भने स्वास्थ्य परीक्षण बिना नै घर पठाइने गरिएको छ ।

प्रदेशको सप्तरीको कुनौली, सिरहा माडर, धनुषाको इनर्वा, जटही, महोत्तरीको भिठामोड, मटिहानी, सर्लाहीको सोनवर्सा, रौतहटको वैरगिनिया, पर्साको रक्सौल लगायत दर्जनौं नाकाबाट मानिसहरु आउने गरेका छन् । चोर बाटो भएर आउनेहरुको तथ्यांकसमेत प्रहरीसँग छैन । वैशाख १ गते यता २० हजार १ सय ५० जना विभिन्न नाकाबाट प्रवेश गरेको प्रदेश २ प्रहरी कार्यालय जनकपुरधामले जनाएको छ ।

**हट स्पट बन्दै**

कोरोना सक्रमणको हट स्पट बनेको प्रदेश २ मा क्वारेन्टिन तथा आइसोलेशन सेन्टर




अहिलेसम्म निर्माण भएको छैन ।

दिन प्रति सबै आठ जिल्लाहरुमा कोरोना संक्रमितहरुको संख्या बढे पनि प्रदेश २ का प्रदेश र स्थानीय तहहरुले रोकथाम तथा नियन्त्रणमा चासो नदेखाएका हुन् ।

पर्सा जिल्लामा रहेको १४ वटा स्थानीय तह मध्ये अहिलेसम्म जम्मा ३ वटा स्थानीय तहले मात्रै आफ्नै पालिकामा आइसोलेशन सेन्टर निर्माण गरेका छन् । हालसम्म वीरगञ्ज महानगरपालिका, सखुवा प्रसौनी गाउँपालिका र छिपहरमाई गाउँपालिकाले मात्रै आइसोलेशन निर्माण गरेका छन् । सखुवा प्रसौनीमा १० बेडको आइसोलेशन निर्माण गरिएको गाउँपालिकाका प्रमुख पदीप जैसवालले जानकारी दिए ।

'सखुवा प्रसौनी गाउँपालिकाले आफ्नै साधन स्रोतबाट अहिले १० बेडको आइसोलशन तयार गरेको छ, १५ बेड थप्ने तयारी गरेका छौं, 'जैसवालले भने, 'नागरिकलाई जोगाउन लागिपरेका छौं ।' उनले प्रदेश सरकारबाट कुनै सहयोग प्राप्त नभएको गुनासो गरे ।

पर्साकै छिपहरमाई गाउँपालिकामा पनि ८ बेडको आइसोलेशन सेन्टर निर्माण गरिसकिएको गाउँपालिका प्रमुख मनोज गुप्ताले जानकारी दिए ।

कुनै पनि स्थानीय बासिन्दालाई ज्वरो, खोकी वा कोरोना भाइरस संक्रमणको लक्षण देखा परे गाउँपालिकाले निर्माण गरेको आइसोलेशनमा राखिने छ ।

यसैगरि सबै भन्दा बढी कोरोना संक्रमित फेला परेको वीरगञ्ज महानगरपालिकाले पनि २ सय बेडको आइसोलेशन निर्माण भएको छ ।

संक्रमितहरुको संख्या बढे पनि पर्सामा अन्य ११ वटा स्थानीय तहहरुले आफनै पालिकामा आइसोलेशन वा क्वारेन्टिन निर्माण नगर्दा अधिकांश संक्रमितहरु घरमै होम आइसोलेशनमा बस्नुपर्ने बाध्यता रहेको छ ।

जनताको स्वास्थ्य सुरक्षाको लागि पालिकामै आइसोलेशन सेन्टर स्थापना गर्नु अहिलेको मुख्य आवश्यकता रहेको पोखरिया नगरपालिकाकी उपप्रमुख सल्मा खातुनले बताइन् । तर यसमा कसैले चासो नदेखाएको उनको गुनासो छ ।

**सुस्त तयारी**

भारतमा कोरोना संक्रमण माहामारीको रुप लिएसँगै यसको प्रत्यक्ष प्रभाव नेपालमा समेत परेको हो । यद्यपि खुल्ला सीमानाका कारण आवागमन जारी नै रहेकाले जोखिम बढेको छ । भारतबाट नेपाल प्रवेश गर्नेहरु निर्वाध रुपमा नेपाल भित्रिँदै छन् ।

नेपालबाट भारत र भारतबाट नेपाल आउजाउ गर्नेको संख्या अत्याधिक रहेपनि प्रहरीसँग त्यसको तथ्यांक छैन । चोरबाटो भएर आवतजावत गर्नेहरुको संख्या अत्याधिक रहेको छ । भारतबाट आउनेहरुको जाँचको लागि नाकामा तापक्रम जाँच्ने थर्मोलगन बाहेक केही छैन ।

कोरोना महामारीको दोस्रो लहरको प्रकोप प्रदेश २ मा बढेपनि सरकारी स्तरबाट त्यसको कुनै तयारी भएको छैन । प्रदेश २ सरकार अहिले पनि निर्णयमै सीमित छ । कोरोनाविरुद्धको लडाईंमा प्रदेश २ अझै प्राविधिक रुपले तयार हुन नसकेको

*बाँकी अन्तिम पृष्ठमा*

## वीरगञ्जमा आजदेखि घुम्ति टोलीद्वारा स्वाब संकलन गरिने

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाले शुक्रबारदेखि घुम्ति टोलिद्वारा स्वाब संकलन परीक्षण गरिने भएको छ । महानगरको बारुणयन्त्र कार्यालय आदर्शनगरमा बिहान ७ बजे देखि १० बजे सम्म स्वाब लिने महानगरका मेयर बिजय सरावगीले जानकारी दिए । यस्तै महानगरको स्वास्थ्य महाशाखाको घुम्ती टोलीद्वारा महानगरको प्रत्येक वडाहरुमा गई स्वाब संकलन परीक्षण गर्नेछ । कोभिड नियन्त्रण र रोकथामलाई अझ प्रभावकारी बनाउन कोभिड-१९ बिरामीको सम्पर्कमा आएका वा शंका लागेका व्यक्तिहरु तोकिएको ठाँउमा पुगी स्वाब परीक्षण गराउन मेयर सरावगीले आग्रह गरे । स्वाब परीक्षण गराउनको लागि कुनै शुल्क नलाग्ने वीरगञ्ज महानगरपालिकाले जनाएको छ । पछिल्लो समय वीरगञ्ज महानगरपालिकाका स्थानीयबासीहरुमा कोरोना संक्रमण बढदै गइरहेको छ ।

यसैगरी महानगरपालिकाले निर्माण गरेको १ सय बेडको अस्थायी कोभिड अस्पताल पनि शुक्रबारबाट नै सञ्चालनमा ल्याउने भएको छ । वीरगञ्ज महानगरपालिकाले गोपाल मण्डली धर्मशालामा निर्माण गरेको अस्थायी कोभिड अस्पतालको सम्पूर्ण तयारी पुरा भइसकेकोले शुक्रबार बिहान ११ बजेपछि सञ्चालन हुने महानगरका मेयर बिजय सरावगीले जानकारी दिए ।

## अक्सिजन खरिद गर्न १४ अस्पताललाई ५ लाख दिइने

जनकपुरधाम । प्रदेश २ सरकारले अक्सिजन सिलिन्डर भण्डारण गर्न प्रदेशभरका प्रत्येक अस्पताललाई ५ लाख रुपैयाँ दिने निर्णय गरेको छ ।

कोरोनाको दोस्रो लहरमा अक्सिजनको आवश्यकता सबैभन्दा बढी देखिएकाले प्रदेशको १४ वटा सरकारी अस्पताललाई थप अक्सिजन सिलिन्डर भण्डारण गर्न कोरोना महामारी रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट पाँच-पाँच लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरिएको छ । त्यस्तै, संक्रमितका लागि महत्वपूर्ण औषधि मानिएको रेमडिसिभिर हजार भाइल तत्काल खरिद गर्न प्रक्रिया थाल्न स्वास्थ्य आपूर्ति महाशाखालाई सहमति दिने निर्णयसमेत गरेको छ ।

## गैरआवासीय मधेशी संघको केन्द्रीय अध्यक्षमा साह चयन

काठमाडौं । गैरआवासीय मधेशी संघ (एनआरएमए)का कार्यवाहक अन्तर्राष्ट्रिय अध्यक्षमा ई. शम्भुनाथ साह चयन भएका छन् । जनमत पार्टीको राष्ट्रिय अध्यक्ष डा. सिके राउतले बैशाख १५ गैरआवासीय मधेशी संघका कार्यवाहक अन्तर्राष्ट्रिय अध्यक्षमा शम्भुनाथ साहलाई मनोनित गरेका हुन् । साह गैरआवासीय मधेशी संघ, कतारको प्रमुखको रूपमा काम गर्दै आएका थिए । गैरआवासीय मधेशी संघ (एनआरएमए) जनमत पार्टीको एउटा सशक्त मोर्चा हो। जनमत पार्टी सदैव गैरआवासीय मधेशी संघको नेतृत्व वर्गलाई स्थापित गर्नुका साथै हरेक सदस्यहरूलाई हरेक ठाउँमा सम्मान दिँदै समर्थन गर्दै आएको छ । १० लाख रोजगारी दिने जनमत पार्टीको प्रमुख एजेण्डा पनि पार्टीले मुख्यतः गैरआवासीय मधेशी संघकै सदस्यहरूको लागि तय गरेको हो ताकि विदेशबाट फर्केपछि तिनीहरूलाई स्वदेशमैं रोजगारी दिन सकिओस्। जनमत पार्टी अथक रूपमा गैरआवासीय मधेशीहरूको लागि काम गर्दै आएको छ ।

## भारतीय नाकामा सेनाले बहुउपयोगी संरचना बनाउने

काठमाडौं । कोरोना भाइरस रोकथाम र नियन्त्रणको लागि नेपाली सेनाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सहकार्यमा नेपाल-भारत सीमा क्षेत्रका आठ मुख्य नाकाहरुमा एक हजार क्षमताको बहुउपयोगी अस्थायी भौतिक संरचना बनाउने तयारी थालेको छ ।

हरेक नाकामा एक हजार क्षमताको होल्डिङ सेन्टर, आइसोलेसन र एकसय अक्सिजन उपलब्धसहितको बेड पनि राख्न सकिने गरी बहुउपयोगी अस्थायी भौतिक संरचना बनाउने विषयमा स्वास्थ्य मन्त्रालयसँग डिजाइनका विषयमा छलफल भइरहेको सैनिक प्रवक्ता सन्तोषबल्लभ पौडेलले जानकारी दिए ।

मन्त्रिपरिषद्ले वैशाख ६ गते कोभिड-१९ संकट व्यवस्थापन केन्द्र ( सीसीएमसी) सम्बन्धित प्रदेशको समन्वयमा गड्डाचौकी, गौरीफन्टा, जमुनाह, कृष्णनगर, बेलहिया, वीरगन्ज, रानी तथा काँकडभिट्टा अन्तर्राष्ट्रिय स्थलगत सीमा नाका र आवश्यक अनुसार अन्य थप अन्तर्राष्ट्रिय स्थलगत सीमा नाकाको नजिकै पायक पर्ने स्थानमा कम्तीमा एक हजार क्षमताको कोल्डिङ सेन्टरको निर्माण गर्ने निर्णय गरेको थियो ।

सरकारकै निर्णय बमोजिम सेनामा उपत्यकाको महाकालमा रहेको मिलिटरी अस्पतालमा ८० शैयाको बेड व्यवस्था हुने गरी गृहकार्य गरेको छ ।

प्रधानमन्त्री ओलीले अस्पताल भनेपनि सेनाले बहुउपयोगी अस्थायी भौतिक संरचना बनाउन लागेको हो । अन्य प्रदेशहरुमा भने अहिले स्वास्थ्य मन्त्रालयसँग निर्माण गरिने बहुउपयोगी अस्थायी भौतिक संरचनाको डिजाइनको बारे गृहकार्य भइरहेको सेनाले जनाएको छ ।

## भेन्टिलेटर खरिद गर्न सांसद विकास कोषबाट ५८ लाख सहयोग

वीरगंज । पर्सा क्षेत्र नं. १ का सांसद प्रदीप यादव र क्षेत्र न.२ का सांसद विमल श्रीवास्तवले आफ्नो सांसद विकास कोषको रकम रकमान्तर गरी कोरोना रोकथाम र उपचारका वीरगंज महानगरपालिकालाई उपलब्ध गराएका छन् ।

कोभिड-१९ को रोकथाम र उपचारको लागि भेन्टिलेटर किन्न तथा आइसोलेसनमा लाग्ने स्वास्थ्य समाग्रीका लागि यादव र श्रीवास्तवले ५८ लाख ८ हजार रकम रकामान्तर गरी उपलब्ध गराएका हुन् ।

जिल्ला समन्वय समिति पर्साको कार्यकक्षमा बसेको बैठकमा विभिन्न योजनामा विनियोजित बजेट काट्ने र स्थानीयवासीको जीवन रक्षामा खर्च गर्नेबारे छलफल भएको थियो ।

छलफलमा निर्वाचन क्षेत्र नं. १ र २ को निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट सञ्चालित स्थानीय पूर्वधार विकास साझेदारी कार्यक्रमको रकम कोरोना नियन्त्रणमा प्रयोग गर्ने निर्णय गरिएको छ ।

साथै प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. १ र २ का विभिन्न योजनाहरुको ५८ लाख ८ हजार रुपैयाँ वीरगन्ज महानगरपालिकालाई भेन्टिलेटर र स्वास्थ्य उपकरण खरिदका लागि दिने निर्णय बैठकले गरेको हो ।

सरकारको नीतिअनुसार स्थानीय तहमा योजनाको रकम रकमान्तर गरी विकास कार्यमा लगाउन सकिने भएको हुँदा सो रकम कोरोना महामारी नियन्त्रणका लागि वीरगन्ज महानगरपालिकालाई दिने निर्णय गरिएको सांसद प्रदीप यादवले बताए । बैठकबाट निर्वाचन क्षेत्र नं. १ र २ अन्तर्गत पर्ने स्थनीय तह वीरगन्ज महानगरपालिकालाई परिपत्र गरी यसबारे जानकारी गराउने निर्णय गरिएको पर्सा निर्वाच क्षेत्र नं. १ का संघीय सांसद यादवले बताए ।

उनले चाँडै खरिद प्रक्रिया पुरा गरी जनताको सेवामा लाग्न वीरगन्ज महानगरपालिकालाई अनुरोध गरेका छन् ।

सांसद यादवले संसदीय विकास कोषबाट खरिद गरिएको एम्बुलेन्स र शव वाहन पर्सा क्षेत्र नं.१ को वीरगंज महानगरपालिकालाई यसै हप्ता हस्तान्तरण गरेका छन् ।

## कोरोना संक्रमितलाई निःशुल्क एम्बुलेन्स

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकामा बढ्दै गएको कोरोना संक्रमितहरुको उपचारमा सहज होस् भनेर वीरगञ्ज महानगरपालिकाले निःशुल्क एम्बुलेन्स सेवा उपल्बध गराएको छ ।

महानगरपालिकाले बुधबारदेखि महानगरका संक्रमितहरुको लागि निःशुल्क दुई वटा एम्बुलेन्स सञ्चालनमा ल्याएको हो ।

पर्सा क्षेत्र नं. १ का संघीय सांसद प्रदीप यादवको संसदीय विकास कोषबाट खरिद गरिएका दुई थान एम्बुलेन्स सांसद यादवले बुधबार नै वीरगञ्ज महानगरपालिकालाई हस्तान्तरण गरेका थिए । आफ्नो संसदीय विकास कोषबाट खरिद गरिएको एम्बुलेन्स र शव वाहन एक कार्यक्रमबीच वीरगञ्ज महानगरपालिकालाई हस्तान्तरण गरे ।

महानगरको मातहत चल्ने ती एम्बुलेन्सबाट कोरोना महामारीमा वीरगञ्जवासीलाई निःशुल्क सेवा र सुविधा मिल्ने विश्वास लिएको उनले बताए ।

यसैबीच महानगरमा होम आइसोलेशनमा रहेका कोरोना संक्रमितहरुलाई वीरगञ्ज महानगरपालिकाले निःशुल्क औषधि वितरण गर्ने कार्य सुरु गरेको छ ।

होम आइसोलेशनमा रहेका संक्रमितहरुको घरमै पुगेर महानगरका मेयर विजय कुमार सरावगीले निःशुल्क औषधि वितरण गरे ।

महानगरपालिकाको वडा ५ मा होम आइसोलेशनमा रहेका कोरोना संक्रमितहरुलाई उनीहरुको घरमै पुगेर निःशुल्क औषधि वितरण गरेको महानगरका मेयर सरावगीले जानकारी दिए ।

संक्रमितहरुको लागि ८ किसिमको औषधि महानगरपालिकाले निःशुल्क रुपमा उपल्ध गराउने उनले बताए । यसका लागि महानगरले एक जना स्वास्थयकर्मीलाई नै जिम्मेवारी दिएको मेयर सरावगीको भनाइ छ ।

यस्तै वीरगञ्ज महानगरपालिकाको प्राङ्गणमा बुधबारदेखि अक्सिजन बैंक स्थापना गरी सञ्चालनमा ल्याइएको छ । लायन्स क्लब अफ वीरगञ्ज र वीरगञ्ज महानगरपालिकाको साझेदारीमा अक्सिजन बैंक स्थापना गरी सञ्चालनमा ल्याइएको हो ।

अक्सिजन बैंकबाट कोरोना महामारीमा वीरगञ्जका अस्पतालहरूमा भर्ना गरिएका कोरोनाका बिरामीलाई आवश्यकता परेका बेला अक्सिजन निःशुल्क रूपमा उपलब्ध गराइने व्यवस्था गरिएको छ ।

## सम्पादकीय

# कोभिड व्यवस्थापन

कोरोना भाइरसको संक्रमण देशव्यापी रूपमा पुनः बढ्न थालेसँगै अहिले लगभग पूर्ण या आंशिक लकडाउनमा छ। अस्पतालहरूमा बेड र अक्सिजनको अभाव भइरहेको छ। समयमा उपचार नपाई संक्रमितले मृत्युवरण गर्न थालेका छन्। यस्तो बाध्यात्मक स्थिति पैदा भएको अवस्थामा समेत सम्बन्धित निकायमा सक्रियता छैन।

कोरोनाको दोस्रो लहर सुरु भएपश्चात लगभग एक हप्तामै संक्रमितको संख्या चार गुणाले बढेको छ। यसपालिको भाइरसमा युके तथा भारतीय भेरियन्टसमेत भएकाले यो अघिल्लो भाइरसभन्दा ज्यादै खतरनाक देखिएको छ। नयाँ भेरियन्टको भाइरसले बालबालिका समेत प्रभावित भइरहेको बेला हाम्रो देशमा औषधि, अक्सिजन र बेडको अभावका कारण यसपटकको दोस्रो लहरले क्षति झन् विगतको भन्दा बढी हुने विज्ञहरूको भनाइ छ।

युके भेरियन्ट नेपालसहित एक सय २९ देशमा फैलिएको छ। पहिलो प्रजातिभन्दा युके भेरियन्ट ४३ देखि ९० प्रतिशतले

**देशभर निजी तथा एक सय २५ सरकारीमा १६ गरी ३० वटा अक्सिजन प्लान्ट छन्। नेपालमा अक्सिजन उत्पादन गर्ने उद्योग २० छन्। अन्य रोगमा ९० तथा कोभिडमा ९४ प्रतिशत कम अक्सिजन भए बाहिरबाट अक्सिजन दिइन्छ। कोभिडमा अक्सिजन थेरापी नै आजसम्मको उत्तम विकल्प हो।**

छिटो फैलिरहेको छ। भारतझैं नेपालमा पनि एकदमै द्रुत गतिमा संक्रमण बढ्दै गइरहेको अवस्थामा नेपालमा यसको रोकथामका लागि पूर्वतयारी अपर्यात रहेको देखिन्छ । अस्पतालहरूमा भेन्टिलेटर र शैया बढाउनतर्फ ध्यान दिनुको साटो सरकारको ध्यान सत्तामा बढी गएको देखिन्छ।

केही दिनयता संक्रमण बढ्नुमा जिम्मेवार र चर्चामा रहेका बढी संक्रामक बेलायत, ब्राजिल र दक्षिण अफ्रिका तीन भेरियन्ट छन्। तीनै भेरियन्ट भारतमा फैलिसकेकाले नेपाल थप जोखिममा छ। बेलायती स्ट्रेन ७० गुणा छिटो संक्रमण फैलाउने, कम उमेरकामा बढी जटिलताले अस्पतालमा भर्ना हुने र अक्सिजन आवश्यकता बढी पर्ने तथा १.६ घातक छ। अफ्रिकन स्ट्रेन दोब्बर संक्रामक,उपलब्ध खोप निस्क्रियता र घातक छ। नयाँ भेरियन्टहरूको संक्रमणशिलता मात्र हैन, मृत्यृदर बढी छ।

देशभर सामान्य अवस्थामा हुने खपत कोभिडले तीन गुणा बढाएको छ। देशभर निजी तथा एक सय २५ सरकारीमा १६ गरी ३० वटा अक्सिजन प्लान्ट छन्। नेपालमा अक्सिजन उत्पादन गर्ने उद्योग २० छन्। अन्य रोगमा ९० तथा कोभिडमा ९४ प्रतिशत कम अक्सिजन भए बाहिरबाट अक्सिजन दिइन्छ। कोभिडमा अक्सिजन थेरापी नै आजसम्मको उत्तम विकल्प हो।

गत वर्षजस्तै सबैतिर एउटै रणनीति लगाउने भुल नगरी भिड हुने सहर र नहुने सहर तथा गाउँमा फरक फरक रणनीति अपनाउने नीति छ। कोरोनाबाट शतप्रतिशत जोगिन खोप, बृहत् परीक्षण, बाहिरको शारीरिक दूरी, छरितो र भरपर्दो कन्ट्रयाक्ट ट्रेसिङ, सेल्फ आइसोलेसन, मास्कको अनिवार्य प्रयोग, शारीरिक दूरी, खुला झ्याल र हात धुने तथा अन्य सरसफाई गरी नौ चीजमा ध्यान दिन जरुरी छ।

# विशेष अधिवेशनले ल्याउने राजनीतिक आँधी

**विचार - विश्लेषण** भाग–९०



उपेन्द्र झा

सम्पन्न र समृद्ध दुई महाशक्ति देश चीच र भारतको बीचमा रहेको गरीब मुलुक नेपाल सहयोग पाएर पनि आत्मनिभृर हुन सकेन। पीढिदर पीढि राजनीतिक अभ्यासमा रहेका राजनीतिकर्मीहरुमा देश विकास गर्ने इच्छा जागृत भएन वा शक्तिकेन्द्रले पराश्रित बनाएर राख्यो। यो देशको दुर्भाग्य हो कि लोकतन्त्रको माध्यमले देशलाई समृद्ध बनाउने दावा गरेर आएका राजनीतिक अगुवाहरुले अपेक्षा अनुरुप कार्य गर्न असफल ने देखिए। असफलताका लागि आत्मलोचना गरेर किञ्चित नैतिक दायित्व देखाउनुको सट्टा असफलताको सारा दोष विपक्षीको टाउकोमा राखी उम्कने कथित राजनीतिकर्मीहरु आफ्नो स्वार्थपूर्ति गर्न यसरी लिप्त भए कि उनले राजनीतिको मूल्य र मान्यता बिर्सेर आफू अराजक त बने नै राजनीतिलाई पनि फोहोर बनाए।

राजनीतिलाई आफ्नो स्वार्थपूर्तिका लागि अत्यधिक दुरुपयोगका कारण अहिले असहज परिस्थितिले जन्म लिएको छ। यसमा देश र जनता असन्तुष्ट त छन् नै, सत्तापक्ष प्रतिपक्ष लगायत सम्पूर्ण राजनीतिक दलहरु असन्तुष्ट बनेका छन्। लोकतन्त्रबाट नै देशको कल्याण हुने गर्ने दाबेदारहरुले किन सबैलाई असन्तुष्ट बनाए यसका कारण पत्ता लगाएर सुधारको दिशामा अग्रसर हुन कोही चाहँदैन आफू सत्तासीन हुने र प्रतिपक्षलाई दबाउने जस्ता निरंकूश सामन्ती प्रवृति लोकतन्त्रमा पनि बलियो अवस्थामा रहेकोले यसले सबै कुरा बिगारेको छ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) तथा नेपाल कम्युनिष्ट पार्टी ( एमाले) मिलेर नेपाल कम्युनिष्ट पार्टी ( नेकपा) बनेर दुई तिहाइको सरकार बनाएदेखि पार्टीभत्र विग्रह उत्पन्न भयो। चरमोत्कर्षमा पुगेको पारस्परिक झगडा मेटाउन सर्वोच्च अदालतले दुवै पार्टीलाई पूर्वावस्थाको अस्तित्व कायम गर्न आदेश अनुसार दुई पार्टी विभाजित त भए तर एकअर्काका नेता कार्यकर्ता दुवै पार्टीतिर विभाजित अवस्थामा रहेकोले झगडा साम्य हुन सकेन। खासगरी एमालेतिरका शीर्षस्थ नेताहरु माधव नेपाल, भीम रावल, झलनाथ खनाल, घनश्याम भुसाल, योगेश भट्टराई, सुरेन्द्र पाण्डेलगायत धेरै नेताहरु आफ्ना समर्थकहरुलाई समेटेर अलग गुट निर्माण गरेकाले एमालेमा ठूलो समस्या उत्पन्न भएको छ। एमाले, माओवादी केन्द्र विभाजन भएपनि नेपाल खनाल गुट एमालेकै नेता मानिएका छन्। माओवादी केन्द्रमा बसे पनि वा पार्टी अलग गरेपनि नेपाल गुटलाई कल्याण भने देखिँदैन। एमालेको फुटको गति सबैले हेरिसकेका छन्। पार्टीको कारबाही गरिएष पनि सांसद पदमुक्त गरिएको छैन।

माधव नेपाल गुटलाई एमालेमा फर्काउन ओलीको प्रयास जारी छ। त्यसैले ओलीले नेपाल खनाल गुटलाई सांसद पदबाट मुक्त गरेको छैन। ओलीको पटक-पटकको अपमानजनक व्यवहारबाट दिक्क भएका नेपाल गुट अपमानको जहर पिएर ओलीको अगाडि आत्मसमर्पण गर्न जान उनको स्वाभिमानले इजाजत दिइरहेको छैन। अलग्गै अस्तित्व बनाउन पनि कठिन नै देखिएको छ। सत्ताको राजदण्ड पनि तेर्सिएको अवस्थामा नेपाल गुट किंकर्तव्यविमुख अवस्थामा परेको छ। प्रचण्डले ओलीको विरोधमा उत्रेपनि ओलीमोह उनले पनि छोडेका थिएन। विरोध पनि गनृ र सरकारलाई समर्थन दिइरहने ओली मोहबाट अन्ततः ओलीले विश्वासको मत लिन संसदको विशेष अधिवेशन बोलाए पछि नेकपा माओवादी पार्टीले ओली सरकारबाट समर्थन फिर्ता लिएको छ।

जेठमा बजेट अधिवेशन बस्नुपूर्व संसदको विशेष अधिवेशन बोलाइनु राजनीतिक हलचल उत्पन्न हुने सम्भावना बढ्ने देखिन्छ। विश्वासको मत लिने बाहिर प्रचार गरिए पनि भित्र लुकेको अनेक आशंका विश्लेषण बुद्धिजीबी वृत्तमा देखिएको छ। एमालेका सम्पूर्ण सांसदलाई तथा जसपाको महन्थ ठाकुर पक्षलाई मिलाउँदा ओलीको बहुमत पुग्ने सम्भावना छ तर एमालेका विरोधी पक्ष मिल्न नआए ओली विश्वासको मत लिन असफल हुन्छ। सिंगो कांग्रेसलाई लिएर ओलीले सरकार बनाउन सक्छ। माओवादी, पूर्ण जसपा र कांग्रेसको समीकरणले वैकल्पिक सरकारको निर्माण गर्न पाए पनि नपाए पनि चुनावमा जाने उनको आन्तरिक मनसाय रहेको छ।

ओलीलाई सघाउने र ओली सरकारको विकल्प खोज्ने जसपा यही दुई विचारमा विभक्त भएको छ। जसपा दुई पार्टीको एकीकरणलाई अन्तर्मनले स्वीकार गरेको छैन। ९ वटा अध्यक्षको संग्रहबाट बनेको जसपा कसैले कसैको नेतृत्वलाई मानिरहेको छैन। अथवा यसरी भनौं सबैको व्यक्तिगत नेतृत्वको स्वेच्छाचारिता अहिले नियन्त्रण रेखाभित्र पर्दा भएको असजिलोपनाबाट बाहिर निकल्ने कोशिस नै जसपालाई एक हुन नदिएको हो।

**ओलीलाई सघाउने र ओली सरकारको विकल्प खोज्ने जसपा यही दुई विचारमा विभक्त भएको छ। जसपा दुई पार्टीको एकीकरणलाई अन्तर्मनले स्वीकार गरेको छैन। ९ वटा अध्यक्षको संग्रहबाट बनेको जसपा कसैले कसैको नेतृत्वलाई मानिरहेको छैन। अथवा यसरी भनौं सबैको व्यक्तिगत नेतृत्वको स्वेच्छाचारिता अहिले नियन्त्रण रेखाभित्र पर्दा भएको असजिलोपनाबाट बाहिर निकल्ने कोशिस नै जसपालाई एक हुन नदिएको हो।**

विचार र मधेश मुद्दाभन्दा व्यक्तिगत स्वार्थ सर्वोपरि रहेकोले त्यसको पारस्परिक टकराव नै विखण्डनका अहम् कारण बनेको छ। ओलीलाई कोही मित्रशक्ति र कोही दुश्मन परिभाषा गर्ने बहाना मात्र हो। स्वार्थको टकरावभन्दा स्वार्थको स्वतन्त्रता रोज्ने मधेशका राजनीतिक अगुवाहरु मिलेर बस्ने, मिलेर लड्ने संस्कार नै बनाउन सकेन। करिब-करिब विभाजनको अन्तिम अवस्थामा पुगेको जसपामा पनि ओली पार्टीकै जस्तो दुर्दशामा पुगेको छ। राजेन्द्र महतो अहिले पनि जसपा फुट्दैन भनेर आफ्नो दावा सार्वजनिक गरेका छन्। लुम्बिनीको घटनाले आर कि पारको स्थिति सिर्जना गरी दिएको छ। पार्टीलाई बचाउने कि त उपेन्द्र यादव, महन्थ ठाकुरको कित्तामा आउनु पऱ्यो अथवा महन्थ ठाकुर खेमा उपेन्द्र यादवसँग आत्मसमर्पण गर्नु पऱ्यो। एमालेको विरोधी नेपाल खनाल पक्ष नफुट्ने नजुट्ने जस्तो जसपाभित्र महन्थ ठाकुरलाई पनि दोधारमा राखि दिएको छ। फुटको औपचारिक घोषणा हुन बाँकी रहेको अवस्थामा जसपा फुट्दैन महतोको उद्घोषको अर्थ के हो ?

निजी स्वार्थमा अल्मलिएको राजनीति बैशाख २७ गते कुन दिशा लिने, को कहाँ रहने आदि सबै प्रष्ट हुने हुँदा सबैले त्यसको प्रतिक्षामा छन्। ओलीले के गर्ने भन्ने परिणाम हेर्न सबै आतुर छन्। कसलाई क्षति र कसलाई लाभ हुने त्यसपछि आँकलन गर्न सकिने अवस्था आउँछ। ओलीले जे कदम उठाएपनि निकास भने आवश्यक देखिएको छ।

janukjha24@gmail.com

# पार्टी फुटाउनेलाई इतिहासले माफ गर्दैन



मनिष मिश्र

आदरणीय जसपा नेपालका नेता साथीहरू।

अहिले देश र देशको राजनीति गम्भीर मोडबाट गुज्रिरहेको सर्वविदितै छ।देश एकातिर वैश्विक महामारीको चपेटामा परेको छ भने देशको राजनीतिक अस्थिरताले हामी र हाम्रो पार्टीलाई पनि तरंगीत गरेको अवस्था छ। पहिलो त यस वैश्विक महामारीसंग लड्न हामी र हाम्रो सरकार पूर्ण रूपमा तयार हुनुपर्छ तथा स्रोत साधनको अभावले पनि जनताको संयमता र सुझबुझले हामी यो लडाई लडी राख्या छौ तथा पार्टीका बिभिन्न तह तप्काले आ-आफ्नो स्तरबाट यस बैश्विक महामारीमा आफु सुरक्षित भई गर्दै आएको सहयोग र गरिराखेको कार्य सराहनीय नै छ।तथापी यस महामारीसंग सफल मुक्तिका निम्ति भगवान पशुपतिनाथ संग हार्दिक प्राथना गर्दछौ। अब रहयो कुरा देशको राजनीति तथा हाम्रो पार्टी जसपा नेपालको अवस्था। हामी सबैलाई थाह छ,हामी किन एक भएका थियो। किन रातारात एकिकरण गरीयो। हाम्रो लक्ष्य के थियो र अहिले हामी कहाँ छौ। आफ्नै नेता र पार्टीको बारेमा सामाजिक संजाल देखी बिभिन्न बहसहरूमा नकारात्मक टिका टिप्पणी गर्नु भन्दा पहिला यस प्रश्नहरूको उत्तर खोज्नु र सम्झिन जरूरी छ।

आदरणीय साथीहरू,

हामी देशलाई बुझेको र बिभेदमा पारिएको, भुमि पुत्र हामी तर शोशित भएको, क्षमताले पूर्ण भएको तर राज्यको श्रोत साधन देखी सधै अलग ठलग राखिएको, जनसंख्याको हिसाबले बहुसङ्ख्यक तर राज्यसंचालन देखी टाढा पारिएको, सबैभन्दा बढी कर तिर्ने हामी तर हामी माथी कायर जस्तो ब्यबहार गरीएको यी र यस्था बेथिति विरुद्ध संघर्ष गर्ने जमात हरू एक ठाउँमा हुनुपर्छ अनि मात्र हामीले उठाउँदै आएको समस्या समाधान हुन्छ भनी नेक उद्देश्यका साथ मधेशी, थारू,मुस्लिम, नेवार, आदिवासी जनजाति, शेर्पा,राई, लिम्बु लगायतका जाति हरू राजनीतिक हिसाबले एक ठाउँमा भयौ र परिणाम स्वरूप जनता समाजबादी पार्टी नेपाल बन्यो। यस एकिकरण हुन नदिनको लागी बिभिन्न समयमा फरक फरक आवरणमा शासकहरूले गरेको ताण्डव अहिले पनि हामी संग ताजा नै छ। कहिले हाम्रो पार्टी प्रतिबन्ध गर्ने त कहिले बिदेशीको ईसाराको आरोप लगाई जनसमर्थन घटाउन खोज्ने त कहिले आन्दोलनकारीहरूलाई आतंकारी जस्तो ब्यबहार गरी मार्न लगाउने त कहिले बिभिन्न आरोप लगाई नेताहरूलाई नै कमजोर बनाउन खोज्ने त कहिले सत्ताको खेलमा पार्टी कमजोर बनाउन तोडफोड गर्न लगाउने आदी ईत्यादी पिडा सहदै हामी हार मानेनौ र एक जुट भई आफ्नो आवाज झन बुलंद बनायौ र शाशकरूको टाउको दुखाई बन्यौ।

त्यहीबेला देखी कुनै न कुनै किसिमले हामीलाई कमजोर पार्नका निम्ति शाशक बर्गले बिभिन्न किसिमका प्रपन्चहरू रच्दै आए र हामी सबै प्रपन्चहरू छिनोल्दै अगाडी बढ्दै गयौ। सत्ताको खेलमा फसाई कमजोर पार्ने रणनीतिका साथ उग्ररूपमा शाशक अगाडी बढेको छ भने हाम्रै केहि नेताहरू त्यसको हतियार बन्न तम्तयार रहेको प्रारूप देखिदैछ। हामी ईमान्दारीताका साथ सोचौ जसको लागी हतियार बन्न तयार छौ के उ नैतिक हिसाबले इमानदार छ र हामी संग लामो समय सम्म हीडन सक्छ कि सक्दैन। किनभने प्रचण्ड इमानदार भएको भए बाबुराम भट्टराई,मोहन बैध,नेत्र बिक्रम चन्द,रामबहादुर थापा लगायत नेता बिभिन्न आरोप लगाई छोडने थिएनन होला, काँग्रेस हामी संग इमानदार भएको भए हाम्रो मानिसहरूलाई मारेर संविधान पक्कै पनि घोषणा गर्दैन्थयो होला, एमाले र केपी ओलीको त कुरै छोडौ जग जाहेर नै छ। तसर्थ आज कम्युनिष्टहरूको आफ्नै किचलोले गर्दा हामी र हाम्रो पार्टी राजनीतिक चाभी जस्तो देखिएको हो र राजनीतिक महत्व बढेको देखिन्छ तर हामी के नबिर्सौ भने जनताले दिएको अधिकार चौथो राजनीतिक दलको रूपमा हो र यो हैसियत प्रतिपक्षको रूपको हुन्छ। त्यसकारण हाम्रो महत्व बढेकोले गर्दा मौकाको फाईदा सरह हामीले आफ्नो मुद्दाहरू तिर बढी जोडबल गर्नुपर्छ र यस्तोअवस्थामा हाम्रो आवश्यकता भएकोले हाम्रो संबोधन तिर अग्रसर हुनेछन फलस्वरुप जति भएनि हाम्रो उपलब्धि हुनेछ। रहयो सरकारको बिकल्प खोज्ने, कुनै पात्रलाई प्रधानमन्त्री बनाउने, यस्तो अवस्थामा मानौ हामी बिकल्पमा गयौ, समझौता गर्यौ तर भोली पुरा गरेन भने उपेन्द्रजी लाई जवरजस्ति बहिर्गमन गर्या जस्तो लजास्पद बहिर्गमन हुने र समर्थन फिर्ता गर्ने बाहेक हामीसंग के नै उपाय हुन्छ र ? हाम्रो लागी त तिनै दलका शिर्ष नेतृत्व उस्तै हो सब टेस्टेड भईसक्याछन। तसर्थ हामी आफ्नो मुद्दा तिर अग्रसर होऔ सरकार तिर होईन। आउने समयमा हुने निर्वाचनबाट अधिक भन्दा अधिक संख्या ल्याउन सफल होऔ र जनादेश अनुसार सरकार बनाऔ। यति भनि रहदा पनि कोही ब्यक्तिगत ईरस्या एवं स्वार्थका निम्ति पार्टी फोडने वा फुटाउने दुस्साहस गर्छन भने त्यसलाई इतिहासले कदापि माफ गर्ने छैन र कालान्तरमा पछताउने बाहेक कुनै बिकल्प हुदैन।

भगवान पशुपतिनाथले सदबुद्धि दिऊन!

# मुद्दा सम्बोधन हुन्छ भने प्रधानमन्त्रीलाई विश्वासको मत दिनुपर्छ

**हाम्रो मुद्दाको सम्बोधन हुन्छ भने प्रधानमन्त्री केपी शर्मा ओलीलाई हामीले विश्वासको मत दिनुपर्छ, सहयोग गर्नुपर्छ र समर्थन पनि गर्नुपर्छ । हामीले विश्वासको मत दिने वा नदिने निर्णय गर्दा कुनै आधारमा टेक्नु त पर्छ नि ! तीनलाई स्पष्ट पनि पार्नु पर्छ । नदिने कुरा गर्दा किन नदिने भन्ने कुराहरू पनि त आउनु पऱ्यो । चुरो कुरा के भने हाम्रो मागलाई सम्बोधन हुने स्थितिलाई नै हामीले केन्द्रमा राख्नु पर्दछ । जुन सरकारले हाम्रो मागलाई सम्बोधन गर्ने जमर्को गर्छ, त्यसलाई हाम्रो विश्वास र समर्थन दिनु पर्दछ ।**



**वृषेश चन्द्र लाल**
**केन्द्रीय कार्यकारिणी समिति सदस्य**
**जनता समाजवादी पार्टी नेपाल**

**० जसपाले केपी ओलीको सरकारलाई कुनै पनि हालतमा समर्थन नगर्ने निर्णय गरेको भनिंदै छ नि ?**

– हैन, त्यस्तो कुनै निर्णय भएको छैन । बैठक नै भएको छैन । केही छापा र अनलाइनमा बैठक भयो भनी समाचार आएको मैले पनि देखेको छु । तर वास्तविकता के हो भने बैठक नै भएको छैन । लोकतान्त्रिक बहुदलीय संसदीय प्रणाली भनेको छापामार युद्ध होइन । विधि र प्रक्रियामा चल्नु पर्दछ । राजनीतिक दल पनि लोकतान्त्रिक विधि र प्रक्रिया अनुसार संचालित गरिनु पर्दछ । बैठक भयो भनी बैठक नै नगरी हस्ताक्षर संकलित गर्नु छापामार शैली हो । यस्ता कार्य र प्रवृतिले लोकतन्त्र नै समाप्त पार्दछ । लोकतन्त्रको मजबूतीको निमित्त मान्य विधि र प्रक्रिया अन्तर्गत रही बैठक गरेर छलफल गरेर मात्र कुनै निर्णय हुनु पर्दछ । लोकतन्त्रको मूल तत्व नै छलफल हो । आन्तरिक लोकतन्त्र बिना कुनै पार्टी कसरी लोकतान्त्रिक पार्टी हुन सक्दछ ?

**० जसपा विभाजनको औपचारिक घोषणा हुन मात्रै बाँकी हो ?**

– हैन त्यस्तो होइन । अहिले गम्भीर परिस्थिति खडा चाहिं भएको छ । यसलाई हामी सबै मिलेर सही बाटोमा तान्नु पर्छ । पार्टी विभाजनलाई जसरी भए पनि रोक्नुपर्छ । कुनै पार्टीको आन्तरिक झगडा र नेतृत्व बीच राग-द्वेषले उत्पन्न परिस्थितिको शिकार हामी किन हुने ? मधेशी र आदिवासीको आन्दोलनको एजेन्डा देशलाई सही बाटोमा लग्ने एजेन्डा हो । हामी त्यसमा केन्द्रित रहने प्रतिज्ञा गरेका छौं । अनि यस्तो विचलन किन ? जसपाको एकीकरण मजबूत पार्टीको आवश्यकता ठानेर भएको हो । त्यसो भएको हुनाले पार्टीको विभाजनको लागि प्रत्यक्ष वा अप्रत्यक्ष भूमिका खेल्ने जो कोही भए पनि उनी वास्तवमा मधेशका एजेन्डाप्रति नै प्रतिबद्ध र इमान्दार नभएको तथ्य नै साबित गर्नेछ । जसपाको निर्माण मधेश एजेन्डालाई मजबूत गर्नका लागि भएको हो । हामी आफ्नो माग र एजेन्डाका निम्ति सशक्तताका साथ काम गर्छौं भन्ने उद्देश्यले प्रतिबद्ध भएर तत्कालीन राजपा र समाजवादीबीच एकीकरण भएको हो । त्यसकारण यसको विभाजन गर्ने प्रयास गर्नु भनेको मधेश, थरुहट र आदिवासी-जनजातिको आन्दोलनलाई कमजोर गर्नु हो । कतै न कतैबाट षड्यन्त्रको घुसपैठ भएको जस्तो छ । परिणामस्वरुप पार्टीभित्र स्थिति जटिल भएको हो । यसको एक मात्र निदान भनेको नेताहरुले आफ्ना गल्तीहरु स्वीकार गरेर एक ठाउँमा बसेर एकताका निम्ति अगाडि बढ्नु नै हो । कुनै व्यक्ति वा नेताको सम्पतिको रुपमा होइन, राजनीतिक दलको रुपमा जसपालाई अगाडि बढाउनुपर्छ ।

**० मधेश मुद्दाभन्दा पनि उपेन्द्र यादवको समाजवादी पार्टी जोगाउनका लागि रातारात एकीकरण भएको भन्ने सुनिन्छ नि ?**

– हाम्रो आन्दोलन समाप्त गर्न हामीलाई विभाजित गर्न खोजियो, तोड्न खोजियो भनेर एकजुट भएका हौं । त्यसप्रति सचेत हुनुपऱ्यो नि । हामी मधेशको एजेन्डाको कुरा गर्छौं तर जहिले-जहिले एजेन्डाका कुरा अगाडि बढ्दछ, हामी विभाजित हुन खोज्छौं, एजेन्डा विपरीतका कुरा गर्छौं । अन्तर्यमा सत्ताको भोक हुन्छ । यो राम्रो भएन । संविधान जारी गरिरहँदा प्रचण्ड, ओली वा माधवजी सबै एकै ठाउँमा उभिएर हामीमाथि प्रहार गर्दै हुनुहुन्थ्यो । उहाँहरुको बीचमा अहिले विभाजन भइरहेको छ भने हामी यो वा त्योको पक्षमा जाने कुरा गर्नु हुँदैन । हामी आफ्नो एजेन्डालाई अगाडि बढाऔं । एजेन्डालाई अगाडि बढाउने क्रममा मूल भूमिका राज्यको संचालनको नेतृत्व लिएको कार्यकारिणी अर्थात सरकारको हुन्छ । त्यसकारण प्रयत्न सरकारसंग नै जोडिन्छ । सरकारले सकारात्मक रुख लिन थालेपछि त्यसबारे असहमतिहरु व्यक्त गर्नु, व्यवधान खडा गर्नु एजेन्डा परिपूर्तिको रणनीति विरुद्ध हुन जान्छ ।

**० भनेपछि, पूर्वसमाजवादीका नेताहरु मधेश एजेन्डाविपरीत कुरा गरिरहनुभएकोहो?**

– जब तत्कालीन समाजवादी पार्टीका साथीहरु सरकारमा सामेल हुनुभएको थियो, त्यति बेला वहाँहरूको धारणा सरकारमा सामेल भएर संविधान संशोधन लगायतका काम हुन सक्छ भन्ने थियो । यदि सहमतिका साथ जान्छन् भने हुन सक्छ भन्ने पनि लागेको थियो । उहाँहरुको तर्कमा केही दम देखिन्थ्यो । तर, हाम्रो अर्थात् तत्कालिन राजपाको भनाई थियो कि जबसम्म संविधानको संशोधन हुँदैन, तबसम्म सरकारमा वा सत्तामा जाने कुरा नगरौं । संविधान संशोधनका निमित्त हामी आवाज उठाऔं र यदि त्यसमा सरकार अगाडि बढ्छ भने हामी पनि सहयोग गर्छौं । त्यहीं भएर हामी सरकारभन्दा बाहिर बसेर भएपनि सरकारलाई समर्थन गरेका थियौं । भनेपछि तरीका फरक भए पनि रणनीतिको लक्ष्य एउटै थियो ।

एजेन्डाका निम्ति एकजुट होऔं । अहिले विकसित राजनीतिक घटनाक्रमको लाभ लिन अर्थात् हाम्रा मागहरु पूरा गराउनका लागि महन्थ ठाकुर लगायतका नेताहरु भूमिका खेल्दै हुनुहुन्छ भने त्यसलाई सबैले समर्थन गर्नुपर्ने हो । अनि मात्रै हाम्रो एजेन्डा मजबूतीका साथ अगाडि बढ्छ । तर जब हामी नै सहमति र विमतिमा जान्छौं भने हाम्रो पक्ष त कमजोर हुन्छ नै । हुन लागेको काम पनि पूरा हुँदैन । त्यसैले म सबै नेताहरुलाई विनम्र आग्रह गर्न चाहन्छु कि अरू सबै कुरा आग्रह-पूर्वाग्रह छाडी एजेन्डालाई केन्द्रमा राखेर आगाडि बढौं ।

**० मागहरु पूरा हुने भन्दा पनि विपरीत धारमा देखिएका नेताहरु के कारणले असहमति राख्दै हुनुहुन्छ त ?**

– सत्ता र सरकारका कुरा सधैं उठ्ने गरेका छन् । बाटोमा आइदिन्छन् । त्यसले गर्दा यस्ता समस्याहरु उत्पन्न भएका छन् । संसदीय प्रणालीमा विश्वास गर्छौं भने छापामार शैलीले संसदीय प्रणाली चल्दैन भन्ने हेक्का राख्नु पर्दछ । संसदीय प्रणाली त विधि र प्रक्रियाअनुसार अगाडि बढ्ने हो र बढाइनु पर्दछ । कुनै हस्ताक्षरलाई कुनै बेला प्रयोग गरिदिने काम ठीक मात्र होइन लोकतान्त्रिकअभ्यासको अवमानना हो । संघीय र प्रादेशिक संसदमा अहिले यस्तै खेलहरु हुँदैछन् । मलाई लाग्छ, नेताहरुले आत्मालोचना गर्नुपर्छ र संसदीय अभ्यासको विधि र प्रक्रियामा जानुपर्छ । घर-घरमा गएर हस्ताक्षर गरायो, बैठक भयो भनेर भनिदियो यो त बैठकको विधि भएन । छलफल न हुनु आन्तरिक लोकतन्त्रको हत्या हो । विचारको मन्थन गरेर एउटा निर्णयमा पुगेर त्यस अनुसार अगाडि बढ्नुपर्ने हुन्छ । विपरीत ध्रुवमा देखिनुभएका साथीहरुको यस्तो कदम कदापि पनि आन्दोलनको निमित्त हितकारी होइन ।

**० प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वासको मत लिने घोषणा गरिसक्नुभएको छ, जसपाले के गर्छ ?**

– प्रधानमन्त्रीज्यूले हाम्रा मागहरु प्रति अहिले सकारात्मक दृष्टिकोण देखाउनुभएको छ, यो एउटा उपलब्धि हो । कांग्रेसले आफ्नो समयमा संविधान संशोधनको प्रस्ताव प्रस्तुत गरेको थियो । अहिले प्रधानमन्त्री ओलीजीले पनि संविधान संशोधनका निम्ति जति सक्छु म गर्छु भन्ने कुरा भन्नुभएको छ । पहिले उहाँले आवश्यकता र औचित्य अनुसार हुने भन्ने कुरा गर्नुहुन्थ्यो तर अहिले संविधान संशोधनको पक्षमा देखिनुभएको छ । त्यसकारण, अहिलेको बेलामा सत्ताका लागि तछाड-मछाड गर्नुभन्दा मधेशको समस्या समाधानतिर सबै एकजुट हुनुपर्छ । प्रधानमन्त्रीले हाम्रा मागहरु यदि सम्बोधन गर्न तयार हुनुहुन्छ भने हामीले विश्वासको मत दिन पनि तयार रहनु पर्दछ । हाम्रो मत दिने आधार नै त्यही हुनु पर्दछ । हाम्रो मागप्रति यदि समर्थन छ भने हामीले विश्वासको मत दिनुपर्छ । तर, त्यस्तो स्थिति आएको छैन । अहिले तटस्थ बस्नु नै उत्तम हो । हाम्रो तटस्थता पार्टीको एकजूटताको आधार पनि बन्न सक्दछ ।

**० भनेपछि जसपा प्रधानमन्त्रीको विश्वासको मतको पक्षमा जान्छ ?**

– यस विषयमा पार्टीमा छलफल हुन्छ, पार्टीले एउटा निर्णय गर्छ । यदि प्रधानमन्त्री केपी ओली हाम्रा माग सम्बोधन गर्न तयार हुनुहुन्छ भने हामीले विश्वास किन नगर्ने त ? त्यसको आधार के हो त ? किन हामी विश्वास नगर्ने ?हामी विश्वास गर्ने अरु आधार के हुन्? भन्ने कुरा हामीले प्रष्ट्याउनुपर्छ । मधेश आन्दोलनप्रति हामी यदि प्रतिबद्ध छौं भने हाम्रो मागलाई सम्बोधन हुने स्थितिलाई नै केन्द्रमा राख्नुपर्छ । जुन सरकारले हाम्रो माग सम्बोधन गर्न तयार हुन्छ, त्यस सरकारलाई हामीले त विश्वास गर्नैपर्छ नि। तर, अहिले त्यस्तो स्थिति पनि आइसकेको छैन ।

**० यहींबाट जसपा विभाजनको स्पष्ट संकेत देखिएको छ नि ?**

– उपेन्द्र यादव र डा।बाबुराम भट्टराईजी पनि परिपक्व नेता हुनुहुन्छ । पार्टीको विभाजन चाहनु हुन्न, गर्नुहुन्न । हाम्रो एजेन्डालाई नै केन्द्रमा राख्नुहुन्छ भन्ने कुरामा म विश्वस्त छु । उहाँहरुको पनि केही तर्क होला । त्यसबारेमा नेताहरुको बीचमा छलफल हुनुपर्छ । छापामार शैलीजस्तो यता हस्ताक्षर गरायो, उता हस्ताक्षर गरायो भन्ने कुरा गर्नु हुन्न । उहाँहरु पनि यसबारे सोच्दै हुनुहुन्छ होला र मधेश मुद्दाको पक्षमा नै उभिनुहुन्छ भन्ने विश्वास छ ।

**० प्रधानमन्त्री ओलीको कदमकै कारण जसरी रातारात जसपा निर्माण भयो, अहिले फेरि प्रधानमन्त्रीकै कारण जसपा विभाजन त हुँदैन ?**

– अहिले नेकपा एमाले व्यावहारिकरुपमा विभाजन भइसकेको स्थिति छ । तैपनि माधव नेपाल समूहले विभाजन चाहँदैनौं, आन्तरिक रुपमा संघर्ष गर्छौं र त्यसकारण विश्वासको मतमा सरकारको समर्थन गर्छौंभन्दै आएको छ । त्यस्तै जब सर्वोच्च अदालतले नेकपालाई एमाले र माओवादी केन्द्रको रुपमा पूर्ववत् अवस्थामै राखिदियो, लगत्तै प्रचण्डजी अदालत पुग्नुभयो र पार्टीलाई यथावत् नै राख्नुपर्छ भनेर अपील गर्न पुग्नु भयो । किन ? किनभने एकता नै बल हो भन्ने कुरा वहा"हरुलाई थाहा छ । हाम्रा नेताहरुले यसबाट पनि एउटा पाठ सिक्नुपर्छ । प्रधानमन्त्री वा कुनै व्यक्तिका कारण पार्टीको विभाजन हुनु हुँदैन ।

**० विश्वासको मतको विषयमा जसपा विभाजन हुँदैन ?**

– प्रधानमन्त्री ओलीले विश्वासको मत लिने घोषणा गरिसक्नुभएको छ । हामीले के गर्ने भन्ने विषयमा पार्टीभित्र छलफल हुन्छ र एउटा निष्कर्षमा पुगिन्छ । हामीले विश्वासको मत दिने वा नदिनेको आधारहरुका बारेमा छलफल हुन्छ । विधि र प्रक्रिया त यही हो । किन विश्वास वा अविश्वास गर्ने त्यो त आउनुपर्यो नि । त्यसपछि पार्टीको एउटा निर्णय हुन्छ । अहिले नै भन्न सकिने अवस्था छैन । तर मेरो विचारमा हाम्रो मुद्दालाई केन्द्रमा राखेर मुद्दाको सम्बोधन हुन्छ भने प्रधानमन्त्री केपी शर्मा ओलीलाई हामीले विश्वासको मत दिनुपर्छ, सहयोग गर्नुपर्छ र समर्थन पनि गर्नुपर्छ । होइन भने तटस्थ बस्नु पर्दछ । हामीले विश्वासको मत दिँदा कुन-कुन आधारमा विश्वासको मत दिने हो सार्वजनिक गर्नु पर्दछ । त्यस्तै विश्वासको मत नदिने हो भने पनि जनतालाई सुसूचित गर्नै पर्दछ । जे होस् हाम्रो मागलाई सम्बोधन हुने स्थितिलाई नै हामीले केन्द्रमा राख्नुपर्छ ।

# यो सरकारबाट मधेशको मुद्दा सम्बोधन हुन सक्दैन



**गिरिराजमणि पोखरेल**
**प्रतिनिधिसभा सदस्य तथा पूर्वमन्त्री**
**नेकपा (माओवादी केन्द्र)**

**० प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वासको मत लिने घोषणा गरिसकेपछि मात्र माओवादी केन्द्रले किन समर्थन फिर्ता लियो ?**

–२०७४ को फागुनमा नेकपा एमालेका अध्यक्ष तथा संसदीय दलका नेता केपी शर्मा ओलीलाई हामीले संविधानको धारा ७६ (२) प्रयोजनार्थ माओवादी केन्द्रले समर्थन गरेको थियो । त्यसपछि २०७५ जेठ ३ मा हाम्रो पार्टी एकता भयो र नेकपा गठन भयो । हामीले आफ्ना साझा कुराहरु राखेका थियौं त्यसका आधारमा सरकार चल्नुपर्ने कुरा गरेका थियौं । पार्टीभित्रको अन्तरसंघर्षलाई दृष्टिगत गरेर संसद नै विघटन गर्ने ठाउँमा प्रधानमन्त्री ओली पुगेपछि २०७७ पुस ५ को घटनापछि हामी सात जना मन्त्रीहरुले राजीनामा दियौं । त्यो कदमलाई हामीले संविधान र प्रजातन्त्रका विपरीत भनेका थियौं । फागुन ११ गते सर्वोच्चले संसद पुनर्बहाली गरिदियो । त्यसलगत्तै हामीले प्रधानमन्त्रीले राजीनामा दिने र राजनीतिलाई सहज बाटोमा लैजान आग्रह गरेका थियौं । त्यसपछि सर्वोच्चले फागुन ११ को संवैधानिक इजलासविपरीत २३ गते अर्को निर्णय गऱ्यो । त्यो स्थितिमा त स्वाभाविकरुपमा एक महिनाभित्र प्रधानमन्त्रीले आफ्नो विश्वासको मत लिनुपर्दथ्यो । उहाँ स्वाभाविक प्रक्रियामा जानुभएन । अहिले एकाएक विशेष अधिवेशनको आह्वान गरेर विश्वासको मत लिदै हुनुहुन्छ । प्रधानमन्त्री जुन उद्देश्यबाट प्रेरित हुनुहुन्छ, त्यो स्वाभाविक र प्रजातान्त्रिक छैन । प्रधानमन्त्रीले यो कदम चालिसकेपछि हामीले समर्थन फिर्ता लिएर नयाँ प्रक्रियामा अगाडि बढेका छौं ।

**० त्यसो भए अब माओवादी केन्द्र संसदमा कसरी अगाडि बढ्छ त ?**

– संसद विघटनविरुद्धमा लडेका हाम्रो पार्टी हौं । माओवादी केन्द्र, नेपाली कांग्रेस, जनता समाजवादी पार्टी, माधव नेपाल र झलनाथ पक्षको एमाले सबै मिलेर असंवैधानिक कदमका विरुद्ध संघर्ष गरेका थियौं । यद्यपि त्यो बेलामा हाम्रो संयुक्त संघर्ष भएन, तर एजेन्डा एउटै थियो । अधिवेशनको सन्दर्भमा पनि यी दलहरु मिलेर छलफल गर्नुपर्छ र एउटा साझा सोच बनाएर अगाडि बढ्नुपर्छ ।

**० तपाईंहरुले अविश्वासको प्रस्ताव पनि ल्याउनुहुन्छ ?**

– हामी छलफलको प्रक्रियामा छौं । यो अधिवेशनलाई कसरी हेर्ने, कुन ढंगले जाँदा राजनीतिक र कानूनी दुवै ढंगबाट हेर्नुपर्ने हुन्छ । अहिले छलफल पनि चलिरहेको छ । प्रधानमन्त्री ओलीलाई समर्थन नगर्ने कुरा निश्चित छ । सकेसम्म ओलीको विकल्पमा अर्को सरकार बनाएर यो संसदको पूर्ण अवधिसम्म लैजाने, एउटा संयुक्त सरकार बनाउने, साझा आचार संहिता बनाउने, कोरोनाको महाविपत्तिका बेला कामहरु व्यवस्थित तरिकाले अगाडि बढाउने, राष्ट्रिय भावनालाई पनि सम्बोधन हुने गरी छलफलहरु चलिरहेका छन् । वैशाख २७ गते अगाडि नै कुनै न कुनै सहमति भइसक्छ ।

**० अहिलेको समयमा निर्णायक शक्ति भनेको जसपाभित्रै दुई धार छ । जसपाबिना तपाईंहरुले नयाँ समीकरण बनाउन सक्नुहुन्छ ?**

– नेपाली कांग्रेसको बैठकले आफ्नो धारणा सार्वजनिक गरिसकेपछि स्पष्ट भइसकेको छ । माधवजीहरु पनि छलफलमा हुनुहुन्छ, उहाँहरुका विभिन्न विकल्पहरु बाहिर आइरहेका छन् । त्यो कुराले पनि यसलाई प्रभावित पार्छ । जसपामा दुईटा प्रवृत्तिहरु देखा परेको छ । जसपा पनि संघर्षबाट आएको एउटा राजनीतिक दल हो । एउटा निर्णयमा पुग्नुअगाडि मतभेदहरु हुन्छन्, फरक-फरक सोचहरु हुन्छन् तर निर्णायक ढंगले एक ठाउँमा जाने भइसकेपछि पार्टीले आवश्यक छलफल गरेर टुंगो लगाउँछ । अहिलेको अवस्थामा केपी शर्मा ओली नेतृत्वको सरकारलाई समर्थन गरेर मधेशको भावनालाई प्रतिनिधित्व गर्न सकिदैन । यो बेलामा सकेसम्म अहिले परिवर्तनको पक्षमा जसपा एकताबद्ध ढंगले आउँछ भन्ने हामीले अपेक्षा गरेका छौं ।

**० प्रधानमन्त्री ओली अहिले मधेशका मागहरु सम्बोधन गर्नेतर्फ देखिनुभएको छ । उपेन्द्र यादव समूहले मात्रै तपाईंहरुलाई समर्थन गऱ्यो भने बहुमत पुग्छ त ?**

– समग्र घटनाक्रमको कोणबाट बहुमत पुग्छ, विकल्प दिनुपर्छ । राजनीतिक शक्तिहरुले एउटा ठोस निर्णय गर्नुपर्छ । आफ्नो आत्मनिर्णयको अधिकारलाई प्रयोग गर्दै आफ्ना विषयहरुलाई आफैले टुंग्याउने गरी अगाडि बढ्नुपर्छ । अप्ठ्यारो बेलामा दलहरु मिलेर पनि काम गरेका छन् । अहिले आफ्नो गुटको सत्ता टिकाउनका लागि प्रधानमन्त्रीले धेरै आश्वासनहरु दिनुभएको होला । तर महन्थ ठाकुरले नेतृत्व गरेको पक्षले पनि ओलीको सरकारमा जाने जस्ता कुराहरु गर्नुभएको छैन । एमालेभित्रको माधव नेपालले नेतृत्व गर्नुभएको पक्ष कुन ढंगले प्रस्तुत हुन्छ भन्ने कुराले पनि महत्व राख्दछ । राजनीतिमा यो पक्षलाई पनि उहाँले ध्यान दिनुभएको छ भन्ने लागेको छ । आफ्ना मागहरु पूरा गराउनका लागि यो संकटका बेला आफूसँग भएको महत्वपूर्ण शक्तिलाई लिएर लाभ लिनुलाई अन्यथा ठानिंदैन । तर मुलुकलाई सही दिशामा लैजाने निर्णायक बेलामा महन्थ ठाकुरले नेतृत्व गर्नुभएको पक्षले पनि गम्भीर ढंगले विचार गर्छ ।

**० जसपाले त अब उधारोमा सम्झौता हुँदैन भनिसकेको छ नि ?**

– जसपाले उठाएको कतिपय कुराहरुमा अहिलेको सरकारले सम्बोधन गर्ने कोणबाट प्रस्तुत भएको छ भने कतिपय कुरामा अहिलेको सरकार पनि तयार भइसकेको छैन । जुन मुद्दाहरुमा अहिले समाधान खोज्नुपर्ने हुन्छ, नेपालका सबै दलहरु सहमत नभइकन संविधान संशोधन हुन सक्दैन । एउटा पक्षले मात्रै समर्थन जाहेर गरेर पनि संविधान संशोधन हुने अवस्था छैन, सहमतिमै जानुपर्ने हुन्छ । मुख्य कुरा अहिले प्रजातान्त्रिक प्रणाली नै अप्ठ्यारोमा परेकोले वैकल्पिक सरकार बनाउने शक्तिसँग छलफल गरेर साझा सहमति गर्ने दिशामा पहल हुन्छ । नेताहरुका बीच सम्वाद चलिरहेको छ ।

**० लिखित सहमति गरेपनि तपाईंहरुमाथि विश्वास गर्ने आधार नै छैन नि ?**

– उपेन्द्र यादवजी सरकारमा गएको बेला म पनि सरकारमै थिएँ । उहाँले संविधान संशोधन लगायतका सवालहरु उठाउँदा प्रधानमन्त्रीजीले जुन ढंगले प्रस्तुत हुनुभएको थियो, हामीले नजिकबाट हेरेकै विषय हो । त्यसैले ओली सरकारबाट मधेशका सवाल सम्बोधन हुने सम्भव देखिँदैन । अर्को कुरा परिस्थिति अहिले भिन्न भएको छ । केपीजीले पार्टी सिस्टमलाई कमजोर बनाएर स्वेच्छाचारी ढंगबाट अगाडि बढ्नुभयो । राजनीतिक घटनाक्रमले पनि प्रचण्डजीमाथि शंका गर्ने आधार उत्पन्न गरेको छ । अहिले हामी नयाँ ढंगले जान्छौं भन्ने स्थितिमा मिलेर जानेभन्दा अन्य विकल्प पनि छैन । संकट आइसकेपछि नयाँ समाधानहरु दिनुपर्छ । इतिहासको पनि गम्भीर ढंगले समीक्षा गर्नुपर्छ । हाम्रा गल्तीहरु कहाँ भयो भनेर पाठ पनि सिक्नुपर्छ, अगाडि बढ्ने साझा सहमति खोज्नुपर्छ ।

**० वैकल्पिक सरकार बनाउनुअघि फेरि पनि जसपासँग सहमति हुन्छ त ?**

– गर्नैपर्छ नि । हामी समाजलाई अग्रगतिमा लैजान चाहन्छौं । नयाँ परिस्थिति आउँदा मुद्दाहरु नयाँ ढंगले उठ्दा रहेछन् । त्यसलाई अस्वीकार गरेर हुँदैन । हामीले मिलेर संविधान पनि बनाएका हौं, संविधानमा हाम्रा विमतिहरु पनि छ, अरु कतिपय विषयहरुमा पनि हाम्रा विमतिहरु थिए । त्यसकारणले ती सबै मुद्दाहरुलाई फेरि नयाँ ढंगले लिएर आउने परिस्थिति सिर्जना भएको छ । यो बेलामा संकटबाट लाभ लिएर अग्रगामी परिवर्तनको दिशामा लैजाने कोणबाट सोच्नुपर्छ । यसो गर्दा नयाँ सरकार बनाउने विषयसँगै जसपाका मुद्दा पनि अगाडि बढाउँदै लैजाँदा मधेशको लागि पनि उपयुक्त हुन्छ र देशको लागि पनि उपयुक्त हुन्छ ।

**० यस्ता आश्वासनहरु मधेशले पटक-पटक पाउँदै आएका छन् । सहमति हुन्छ तर कार्यान्वयन हुँदैन । कसरी विश्वास गर्ने त ?**

– पहिलेको परिस्थितिसँग अहिलेको परिस्थितिलाई दाज्नु हुँदैन । हामी आफै नयाँ ठाउँमा आइपुगेका छौं । यो स्थितिमा हामीले विगतको पाठ पनि सिक्नुपर्छ । कति गर्न सकिन्छ, त्यति सहमति गर्नुपर्छ । लागू हुन नसक्ने कुरामा पनि जोड गर्नु हुँदैन । अहिले यो संसदको करिब डेढ वर्षको समय छ । यहाँ मिलेर काम गर्दै व्यवस्थित ढंगले जाने हो । वास्तवमा परिवर्तनको पक्षमा लागेका शक्तिहरुले गठबन्धन गरेर अगाडि बढ्यो भने जनादेश पनि त्यहीं ढंगले निर्माण हुन्छ । त्यसकारणले अविश्वास गरेर होइन कि न्यूनतम् कार्यक्रम, साझा कुराहरु तयार गरेर, सँगसँगै काम गरेर अगाडि बढ्दा अविश्वास पनि घटेर जान्छ ।

**० वैकल्पिक सरकारको नेतृत्वमा जसपाले पनि दाबी गरिरहेको छ, कांग्रेस र माओवादीले स्वीकार गर्न सक्छ ?**

– बाहिर बोल्ने भन्दा पनि एक ठाउँमा बसेर छलफल गरी एउटा सहमति निकाल्ने बेला हो । त्यहाँ व्यक्तित्व र संसदभित्रको बनावट पनि हेर्ने हुन्छन् । मुद्दाको साझापन खोज्ने कुराहरु पनि हुन्छन् । जसपाको नेतृत्व पनि एउटा विकल्प हो । तर पहिला यो संकटको समाधान गरौं र राजनीतिलाई स्वस्थ्य ढंगले अगाडि बढाऔं । नेताहरु एक ठाउँमा बसेर छलफल गर्नुहुन्छ र सहमति निकाल्नु हुन्छ । मधेशबाट प्रतिनिधित्व गर्ने एउटा पार्टी निर्णायक ठाउँमा भएको कुरालाई दृष्टिगत गरेर के गर्दा पावर सेयरिङ्ग हुनसक्छ । त्यतातर्फ प्रभावशाली भूमिका हुन सक्छ । विकल्पहरु आउँछन् ।

# देशवासीको नाममा प्रधानमन्त्रीको सम्बोधनको पूर्णपाठ

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबारे देशवासीको नाममा सम्बोधन गरेका छन् । 'देशवासीको जीवन रक्षा, महामारी रोकथाम, नियन्त्रण तथा उपचारमा हाम्रो क्षमताको अधिकाधिक प्रयोग भयो । सबैको सहयोगमा गत वर्षको कात्तिक अन्त्यसम्ममा हामी महामारीलाई नियन्त्रण गर्ने स्थितिमा आइपुगेका थियौं ।' उनले भनेका छन् ।

प्रधानमन्त्री ओलीको सम्बोधनको पूर्णपाठ

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरु,

- एकवर्ष अघि यसै समयतिर हामीहरु कोभिड-१९ को प्रारम्भिक असर भोग्दै थियौं । मानिसको जीवन र अर्थतन्त्रको रक्षा बीच कसरी सन्तुलन कायम गर्ने भन्नेमा बहस जारी थिए । हामीले 'जीवन पहिला' भन्यौं र त्यही अनुरुप योजनाहरु बनायौं । एकवर्षपछि समीक्षा गर्दा हाम्रो निर्णय सही थियो भन्नेमा अहिले द्विविधा रहेन । देशवासीको जीवन रक्षा, महामारी रोकथाम, नियन्त्रण तथा उपचारमा हाम्रो क्षमताको अधिकाधिक प्रयोग भयो । सबैको सहयोगमा गत वर्षको कात्तिक अन्त्यसम्ममा हामी महामारीलाई नियन्त्रण गर्ने स्थितिमा आइपुगेका थियौं ।
- यस सफलताको लागि महामारी बिरुद्ध अग्रपंक्तिमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, चालक र सफाइकर्मी सहित सबै तह र तप्काका राष्ट्रसेवक कर्मचारीहरुको भूमिका उल्लेखनीय रह्यो । त्यस असमान्य घडीमा सङ्क्रमितहरूको उपचार र व्यवस्थापनमा अहोरात्र खट्ने सबैको त्याग, समर्पण र लगनशीलताको म उच्च प्रशंसा गर्दछु ।
- अहिले हामी कोभिड-१९ महामारीको दोस्रो लहरको सामना गर्दैछौं । कोभिडको यो लहर नयाँ स्वरुपमा थप घातक रुपमा देखा परेको छ । संक्रमणको दर र मृत्युदर गतबर्षको तुलनामा बढी छ । हिजोको २४ घन्टाको तथ्याङ्कलाई उदाहरणको रुपमा लिँदा, पीसीआर परीक्षण गरिएका १६ हजार ७७० केसमध्ये झण्डै ४३ प्रतिशत अर्थात ७ हजार २११ मा संक्रमण देखिएको छ ।
- हिजो साँझसम्म कूल संक्रमित संख्या ३ लाख ३६ हजार ३० पुगेको छ । कूल संक्रमितमध्ये निको भएका संक्रमित ८४.५ प्रतिशत, निको हुने क्रममा रहेका संक्रमित १४.५ प्रतिशत र ज्यान गुमाउनेको संख्या ०.९९ प्रतिशत छ । ३० जिल्लामा २०० भन्दा बढी र १५ जिल्लामा ५०० भन्दा बढी संक्रमित संख्या छ । ७२ जिल्लामा कोभिड-संक्रमित रेकर्ड भएका छन् । बैशाख १९ गतेसम्मको कूल संक्रमितमा ३८.४ प्रतिशत काठमाडौं जिल्लामा मात्रै र ५०.४ प्रतिशत काठमाडौं उपत्यकामा मात्रै छन् ।
- यस महामारीबाट संक्रमित भई अस्पतालमा उपचार गराइरहनु भएका र घरमै आइसोलेसनमा बसी स्वास्थ्यलाभ गरिरहनुभएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।
- हालसम्म ३ हजार भन्दा बढी देशवासीले अनाहकमा यस महामारीबाट जीवन गुमाउनु परेकोमा दुःख व्यक्त गर्दछु र उहाँहरुका शोकाकूल परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछु ।

दिदीबहिनी तथा दाजुभाइहरु,

- गतबर्ष यो महामारी नेपाल भित्रिनुअघि नै सरकारले यसको रोकथाम र नियन्त्रणका लागि सरकारी निकायबीच समन्वय गरी प्रभावकारी काम गर्न माननीय उपप्रधानमन्त्रीको संयोजकत्वमा कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रीय निर्देशक समिति गठन गरेको सबैलाई जानकारी नै छ । त्यसैको योजनामा देशभर होल्डिङ सेन्टर र आइसोलेसन केन्द्र बनाइएको थियो, क्वारेन्टिनको व्यवस्थापन र



अस्पतालहरूमा शीघ्र उपचारको व्यवस्था मिलाइएको छ । शून्यको संख्यामा रहेको पीसीआर परीक्षण ल्याव संख्या क्रमशः बढाउँदै लगिएको थियो । हाल सरकारी र निजीस्तरका गरी ८७ स्थानमा पीसीआर परीक्षण हुने गरेको छ । सबैजसो अस्पताललाई कोभिडको उपचार गर्नसक्ने स्थितिमा पुऱ्याइएको छ । गत एक वर्षको तुलनामा स्वास्थ्य संरचनामा उल्लेखनीय सुधार गरिएको छ । सबै स्थानीय तहमा ५ देखि १५ शैयाका आधारभूत अस्पताल निर्माण र केद्र तथा प्रदेशमा संक्रामक रोग अस्पताल निर्माणलाई तीब्रता दिइएको छ ।
- अप्ठ्याराकै बीचमा हामीले कोभिड-१९ विरुद्ध सबैलाई निःशुल्क खोप उपलब्ध गराउने प्रक्रिया शुरु गरिसकेका छौं । आफ्ना देशवासीलाई कोरोना बिरुद्ध खोप लगाउनेमा हामी दक्षिण एशियामै भारतपछि पहिलो मुलुक हौं । हाल सम्ममा करिब २१ लाखलाई पहिलो डोज खोप लगाइ सकिएको छ । दोस्रो डोज खोप लगाउन आरम्भ गरिएको छ, अहिलेसम्म झण्डै ३ लाख ७० हजारले दोस्रो डोज खोप लगाइसकेका छन् । यस संख्यामा स्वास्थ्यकर्मी लगायत अन्य अग्रपंक्तिमा खटिने व्यक्तिहरू रहेका छन् ।
- मित्रराष्ट्रहरूबाट सहायताका रूपमा प्राप्त खोपका अतिरिक्त नेपाल सरकारले आफैं आवश्यक मात्रामा खोप खरिद प्रक्रिया शुरु गरिसकेको छ । चीन, रुस लगायत खोप उत्पादक राष्ट्र तथा कोभ्याक्ससँग निरन्तर सम्पर्क र समन्वय गरी छिटोभन्दा छिटो पर्याप्त मात्रमा खोप ल्याइसक्न नेपाल सरकार प्रयत्नशील छ ।

दिदीबहिनी तथा दाजुभाइहरु,

- कुनै पनि नागरिक स्वास्थ्य सुविधाबाट बञ्चित हुनु नपरोस् र महामारीका कारण कसैले जीवन गुमाउनु नपरोस् भन्नेमा सरकार संवेदनशील छ । नागरिकको जीवनरक्षा यस सरकारको पहिलो दायित्व हो भन्नेमा म पुनः जोड दिन चाहन्छु ।
- त्यसैले महामारीको दोस्रो लहरको रोकथाम र नियन्त्रणका लागि सरकारका सबै संयन्त्र परिचालित छन् । सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वयात्मक एवम् प्रभावकारी ढङ्गले कोभिड बिरुद्धको लडाइँलाई कार्य अघि बढाउन प्रदेश केन्द्रित हुनेगरी अहिले नेपाल सरकारका एक/एक जना मन्त्रीलाई 'फोकल व्यक्ति' तोकिएको छ ।
- संक्रमणको साङ्लो चुडाउन अस्पताल वा आइसोलेशन केन्द्रको व्यवस्था गरेर मात्रै पुग्दैन, एकहदसम्म लकडाउन आवश्यक हुन्छ भन्ने विज्ञहरुको सल्लाह अनुसार केही अवधिको लागि निषेधाज्ञा जारी गरिएको छ । यसलाई थप कडाई गरिंदैछ र प्रभावकारी ढंगले लागू गर्न पहिलेझैं सबैबाट सहयोग हुने अपेक्षा सरकारले राखेको छ :
- यही २०७८ बैशाख २० गते राति १२ बजेदेखि बैशाख मसान्तसम्म आन्तरिक उडान बन्द गर्ने निर्णय गरिएको छ ।
- २०७८ बैशाख २३ गते राति १२ बजेदेखि बैशाख मसान्तसम्म अन्तर्राष्ट्रिय हवाई उडान बन्द गर्ने निर्णय गरिएको छ ।
- स्थलमार्गबाट विदेशी नागरिकको आवागमन बन्द गरिएको छ । नेपाली नागरिक प्रवेशका लागि नेपाल भारतबीच रहेका सीमा नाकामध्ये १३ नाका मात्र सञ्चालनमा ल्याइएको छ । आपूर्ति व्यवस्था प्रभावित नहुने गरी सोसँग सम्बन्धित ढुवानीका साधन भने यथावत सञ्चालन हुने व्यवस्था मिलाइएको छ ।
- भारतसँग सिमाना जोडिएका नाकामा रहेका हेल्थ डेस्कबाट एन्टिजेन परीक्षण गरेर मात्र सीमा प्रवेश गर्ने व्यवस्था मिलाइने छ । सबै तहमा कन्ट्याक ट्रेसिङ बढाउन लगाइएको छ ।
- स्थलमार्ग, चार्टर्ड वा उद्धार हवाई उडानबाट आउने हरेक व्यक्तिलाई परीक्षण गरिने छ । कोही सङ्क्रमित पाइएमा उनीहरुलाई उपचार गरेर मात्र समुदायमा पठाउने व्यवस्था मिलाइएको छ ।
- प्रत्येक स्थानीय निकायले नेपाल बाहिरबाट आउने व्यक्तिको अभिलेख राखी क्वारेन्टिन, आइसोलेसन तथा उपचारको व्यवस्था गर्ने र घर तथा संस्थागत आइसोलेसनको नियमित अनुगमन गर्ने प्रबन्ध गरिएको छ ।
- सरकारी तथा अन्य कार्यालयमा एक चौथाई कर्मचारीबाट कार्यसम्पादन गराउन शुरु गरिएको छ । अत्यावश्यक बाहेक अन्य कार्यालय, संघसंस्था बैशाख मसान्तसम्म बन्द रहनेछन् ।
- नेपाली सेनालाई प्रदेश तथा राजधानीमा शीघ्र १ हजार शैयाको अस्थायी अस्पताल निर्माण गर्न निर्देशन दिइएको छ ।
- वीर अस्पतालको नयाँ भवन र नेपाली सेनाको त्रि-चन्द्र मिलिटरी अस्पताल, काठमाडौं उपत्यकाका धेरै शैया भएका मेडिकल कलेज, ठूला सरकारी तथा निजी अस्पताललाई कोभिड अस्पतालको रूपमा सञ्चालन गरिनेछ ।
- प्रदेश सरकारले पनि उक्त प्रदेशमा रहेका मेडिकल कलेज तथा ठूला अस्पताललाई कोभिड अस्पतालको रूपमा र साना अस्पताललाई नन-कोभिड अस्पतालको रूपमा सञ्चालन गर्नेछन् ।
- सबै प्रकारका सार्वजनिक एवं सामुदायिक स्थल, रङ्गशाला, सभाहल, पार्टी प्यालेस, होटल, कारखाना, गोदामघर लगायतका संरचनाहरू प्रयोग गरी सुविधायुक्त क्वारेन्टिन, आइसोलेसन केन्द्र र आवश्यक होल्डिङ सेन्टरको प्रबन्ध गर्न लगाइएको छ ।
- सबै सरकारी तथा निजी अस्पतालले आफूकहाँ उपलब्ध शैया र तीमध्ये प्रयोग भएका वा नभएका शैयाको दैनिक विवरण अद्यावधिक गर्ने र त्यस विवरण तत्काल स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा पठाउनु पर्नेछ । कुनै अस्पतालले विवरण पूरा नपठाई शैया लुकाएको भेटिएमा कारबाही हुनेछ ।
- ठूला अस्पताल तथा मेडिकल कलेजमा अक्सिजन प्लान्टको स्थापना गरिनेछ । सञ्चालनमा नआएका अक्सिजन प्लान्टलाई शीघ्र मर्मत गरी सञ्चालनमा ल्याइनेछ । लिक्विड अक्सिजनको अवैध निर्यात गर्नेलाई कडा कारबाही गरिनेछ । लिक्विड अक्सिजन तथा अक्सिजन जेनेरेटर खरिद गरेर मौज्दात राखिने छ । देशभरका अक्सिजन प्लान्टबाट उत्पादित अक्सिजन हाललाई अस्पताल र उपचारको प्रयोजनका लागि मात्र प्रयोग गर्नेगरी अन्य क्षेत्रमा आपूर्ति गर्न रोक लगाइएको छ ।
- कोभिडको उपचारमा प्रयोग हुने एन्टिभाइरल औषधि तथा अन्य जीवनरक्षक औषधि प्रत्येक अस्पतालले मौज्दातमा राख्नुपर्ने व्यवस्था गरिएको छ । यस्ता औषधिको कृत्रिम अभाव सिर्जना गर्ने र कालोबजारी गर्नेलाई कडा कारबाही गरिनेछ ।
- स्वास्थ्य जनशक्तिको अभाव हुन नदिन सङ्घ, प्रदेश र स्थानीय तहमा अवकाशप्राप्त चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीलाई एक वर्षका लागि करारमा भर्ना गरिनेछ । कोभिड-१९ को पहिचान, निदान, उपचार, बिरामीको ओसारप्रसार र शव व्यवस्थापनमा प्रत्यक्ष रूपमा संलग्न चिकित्सक, स्वास्थ्यकर्मी, चालक तथा सहचालक र सफाइकर्मीका साथै कर्मचारीहरूलाई शुरु तलब स्केलको ५० प्रतिशत जोखिम भत्ता, परिवारको उपचार र बिमाको व्यवस्था गरिनेछ ।
- जनस्वास्थ्य मापदण्ड पालना गराउन सुरक्षाकर्मीलाई टोल, बस्ती, गल्ली तथा अन्य ठाउँमा परिचालन गरी चौबीसै घण्टा अनुगमन र निगरानी गरिनेछ । मापदण्डको उल्लङ्घन गर्नेलाई कानुनबमोजिम दण्डित गरिनेछ ।
- सङ्क्रमणको साङ्लो तोड्नको लागि जारी गरिएको निषेधाज्ञा तथा बन्दाबन्दीका कारण कसैलाई पनि भोकै पर्न नदिनेमा सरकार सचेत रहन्छ । महामारी नियन्त्रण भएसंगै अर्थतन्त्र र रोजगारीका क्षेत्रलाई ध्वस्त हुन नदिन आवश्यक प्रबन्ध गरिने नै छ ।
- जनस्वास्थ्यका मापदण्ड पालनाको नेतृत्व गृह मन्त्रालयले र जनचेतनाको नेतृत्व सूचना तथा सञ्चार प्रविधि मन्त्रालयले गर्नेछन् । परीक्षण, उपचार तथा अन्य विषय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले र खोप आयातको नेतृत्व परराष्ट्र मन्त्रालयले गर्नेछन् । अन्तर मन्त्रालय समन्वयमा काम गरिनेछ ।

दिदीबहिनी तथा दाजुभाइहरु,

- महामारीको सङ्क्रमण बढ्न नदिन सरकारले आफ्नो दायित्व हर हालतमा पूरा गर्छ । यसलाई प्रभावकारी बनाउन सरकारका साथै आम नगारिकको पनि उत्तिकै भूमिका हुन्छ । त्यसैले,
- सकभर घरमै बसौं, घरबाहिर निस्कनुपरेमा अनिवार्य रूपमा सही तरिकाले मास्क लगाऔं,
- समय समयमा साबुनपानीले हात धोऔं वा स्यानिटाइजरले हात सफा गर्ने गरौं
- भोजभतेर तथा पर्व घरमै मनाउँ
- भौतिक दूरी कायम गरौं, भीडभाडबाट टाढै रहौं ।
- हल्ला र अफवाहहरूबाट भ्रमित र प्रभावित नहोऔं
- चिकित्सक, विज्ञ तथा प्राविधिकहरुको सल्लाहलाई पालना गरौं ।
- धैर्य गरौं, संयमता अपनाऔं ।
- सावधान होऔं तर आतङ्कित नहोऔं ।
- गतवर्ष गरिएको बन्दाबन्दी र जारी गरिएको निषेधाज्ञाका समयमा हामीले पालना गरेको अनुशासनले महामारीको असर धेरै हदसम्म कम हुन गएको थियो । यसमा भएको हेलचर्‍याईले क्रमशः महामारी फैलिन बल पुऱ्याएको तथ्यलाई हामी सबैले मनन गरौं । नभुलौं, महामारीले कसैलाई पनि छाड्दैन ।
- अन्त्यमा, महामारी नियन्त्रणका लागि सरकारले चालेका कदम र लिएका पहलमा सबैको साथ सहयोग प्राप्त हुने अपेक्षा गर्दछु । चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारी, चालक/सहचालक, सफाइकर्मी एवम् सम्बद्ध सबैलाई विचलित नभई आ-आफ्नो कर्तव्य निर्वाह गर्न म हार्दिक आह्वान गर्दछु ।
- राजनीतिक दलका नेता/कार्यकर्ता, सामाजिक संघसंस्था एवम् प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधिहरूलाई कोभिडविरुद्ध जनचेतना जगाउन र असहायलाई सहयोग गर्न समेत आग्रह गर्दछु ।

## मधेश अपडेट

### मुख्यमन्त्री पोखरेल कति दिन संसद्बाट भाग्नु हुन्छ : काग्रेस

रुपन्देही । नेपाली काँग्रेसका संसदीय दलका नेता वीरेन्द्र कनौडियाले अल्पमतमा परेका मुख्यमन्त्री शङ्कर पोखरेललाई प्रश्न गरेका छन् । विपक्षी गठबन्धनले सोमबार बुटवलमा पत्रकार सम्मेलनको आयोजना गरी काँग्रेसका संसदीय दलका नेता कनौडियाले अल्पमतमा परेका मुख्यमन्त्री  प्रश्न गर्दै भने, 'कति दिन संसद् बाट भाग्नु हुन्छ ? कुनै दिन नीति तथा कार्यक्रम र बजेट ल्याउनु पर्ने होला ? त्यति वेला हेरौंला ।' आइतबार लुम्बिनी प्रदेशमा भएको राजनीतिक तरलताले अझै निकास पाउन सकेको छैन ।  ४२ जना सांसदहरूको हस्ताक्षरसहित प्रदेश प्रमुखलाई दाबी पेश गर्दा पनि ३७ जना सांसदको मात्रै समर्थन भएका पोखरेललाई प्रदेश प्रमुख धर्मनाथ यादवले मुख्यमन्त्री पदमा नियुक्त गर्नु लोकतन्त्रको ठाडो उपहास ठहर गरेको छ । पत्रकार सम्मेलनमा विपक्षी गठबन्धनले अल्पमतमा रहेको दलका नेतालाई मुख्यमन्त्रीमा नियुक्ति र शपथ गराइएको घटनाको कानुनी र राजनीतिक लडाई लड्ने उद्घोष गरेका थिए ।

### पिसिआर मेशिन र एम्बुलेन्स उद्घाटन

मलंगवा । प्रदेश नं. २ सरकारद्वारा मलंगवा अस्पतालका लागि खरिद तथा जडान गरिएका पिसिआर मेशिन तथा एम्बुलेन्सको उद्घाटन गरिएको छ । शुक्रबार सामाजिक विकासमन्त्री नवलकिशोर साहले एक कार्यक्रमबीच पिसिर मेशिन र एम्बुलेन्स उद्घाटन गरेका छन् । मेशिनको उद्घाटनसँगै शुक्रबारदेखि कोरोनाको जाँच शुभारम्भ भएको छ । यससँगै प्रदेश सरकारद्वारा आठै जिल्लामा पिसिआर ल्याव संचालनमा आएको छ । उद्घाटन समाहरोहमा प्रतिनिधिसभा सदस्य प्रमोद साह, प्रदेशसभा सदस्य निरा साह, जिल्ला समन्वय समिति सभापति मेथुर प्रसाद चौधरी, मलंगवा नगरपालिकाका प्रमुख निरसल साह, सर्लाहीका प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख लगायतको उपस्थिति रहेको थियो ।

### बाँकेमा एक हप्ता निषेधाज्ञा थप

नेपालगन्ज । बाँके जिल्ला प्रशासनले निषेधआज्ञाको अवधी एक हप्ता थपेको छ । कोरोना संक्रमणको जोखिम बढ्दै गएपछि बाँकेमा जारी निषेधाज्ञालाई थप एकसाताका लागि लम्ब्याएको हो । वैशाख ८ गतेदेखि १५ गतेसम्म नेपालगञ्ज उपमहानगरपालिका क्षेत्रभित्र मात्र लागु हुने गरि निषेधाज्ञा लगाएको बाँके जिल्ला प्रशासनले कोरोना संक्रमितको संख्याले दैनिक नयाँ रेकर्ड कायम गर्न थालेपछि वैशाख १३ गते बसेको बैठकबाट वैशाख २० गतेसम्म जिल्लाव्यापी निषेधाज्ञाको निर्णय गरेको थियो । कोरोना संक्रमणको दर तीब्र रुपमा बढ्दै गएपछि जिल्ला प्रशासन कार्यालय बाँकेको आइतबार बसेको बैठकले वैशाख २७ गते सम्म निषेधाज्ञा जारी राख्ने निर्णय गरेको छ । प्रशासनद्वारा जारी सूचना अनुसार वैशाख २७ गते राति १२ बजेसम्म निषेधाज्ञा लागु हुने छ ।

### लुम्बिनीमा जसपाका दुई मन्त्रीद्वारा पद तथा गोपनियताको शपथ ग्रहण

रुपन्देही । लुम्बिनी प्रदेशमा जनता समाजवादी पार्टी नेपालका दुई प्रदेश सांसदले मन्त्रीहरुले पद तथा गोपनियताको शपथ ग्रहण गरेका छन् । सोमबार जसपाकी सांसद कल्पना पाण्डेले शिक्षा तथा सामाजिक विकासमन्त्री र सुमन शर्मा रायमाझीले भौतिक पूर्वाधार विकास राज्यमन्त्रीको शपथ ग्रहण गरेका छन् । मन्त्री पाण्डेलाई प्रदेश प्रमुख धर्मनाथ यादव र राज्यमन्त्री रायमाझीलाई मुख्यमन्त्री शंकर पोखरेलले सपथ गराए । आइतबार सपथ गरेका दुईसहित जसपाका ४ वटै मन्त्री प्रदेशसभाबाट निलम्बित भएका छन् । संसदीय दलको विधि र नियम विपरित गएको भन्दै पार्टीको उपेन्द्र यादव पक्षले पार्टी सदस्य नरहेको र प्रदेशसभाबाट निष्कासित गरेको पत्र पठाएपछि प्रदेश सभाले उनीहरु सदस्य नरहेको सूचना जारी गरेको थियो । यद्यपि अध्यक्ष महन्त ठाकुर पक्षले उक्त निर्णय गलत भएको भन्दै कार्यान्वयनमा नलैजान निर्वाचन आयोगलाई ध्यानाकर्षण गराएको छ । उनीहरु चारैजनाले सर्वोच्च अदालतमा कानुनी उपचारका लागि निवेदन समेत दर्ता गरेका छन् । मुख्यमन्त्री शंकर पोखरेलको ७ सदस्यीय मन्त्रिमण्डलमा हाल मुख्यमन्त्रीसहित एमालेका ३ जना छन् । जसपामा राज्यमन्त्रीसहित ४ जना पुगेका छन् । अरु मन्त्रालय विस्तारै थप्दै जाने मुख्यमन्त्री पोखरेलले बताए ।

### पर्सा प्रहरीलाई पीपीइ सहयोग

वीरगञ्ज । वीरगञ्ज उद्योग वाणिज्य संघले प्रहरीका लागि विभिन्न व्यक्तिगत स्वास्थ्य सुरक्षा सामग्री पीपीइ सहयोग गरेको छ । नेपाल औषधि उत्पादक संघसँग सहकार्य गरेर संघले जिल्ला प्रहरी कार्यालय पर्सालाई व्यक्तिगत स्वास्थ्य सुरक्षा सामग्री सहयोग गरेको हो । वीरगञ्जमा कोरोना संक्रमणको दोस्रो लहर तीव्र रुपमा फैलिएपछि हाल निषेधाज्ञा लगाइएको छ । सर्वसाधारणलाई निषेधाज्ञा पालना गराउन सुरक्षाकर्मीहरु सडकमा खटिएका छन् । उनीहरुका लागि सहयोग पुगोस् भन्ने उद्देश्यले स्वास्थ्य सुरक्षा सामग्री प्रदान गरिएको वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष सुवोध गुप्ताले बताए । संघले१ सय एमएलको ७३० थान स्यानिटाइजर, ५ लिटरको ४ ग्यालेन (२० लिटर) स्यानिटाइजर, फेसशिल्ड १ सय थान, अक्सिमिटर ४ थान र कोभिड संक्रमितको उपचारमा प्रयोग हुने विभिन्न औषधिहरु भएको प्याकेट २२० थान सहयोग गरेको जनाएको छ । सघंले मंगलबार नै  चार सय थान स्यानिटाइजर सशस्त्र प्रहरीलाई पनि उपलब्ध गराएको छ ।

### कोभिड नियन्त्रण तथा उपचारमा खटेका व्यक्ति संक्रमित भए खर्च सरकारले व्यहोर्ने

जनकपुरधाम । कोभिड-१९ महामारीको दोश्रो लहर भयावह रुप लिँदै गएको अवस्थामा कोभिड नियन्त्रण, रोकथाम र उपचारमा खटिएका जनशक्ति संक्रमित भए त्यस्ता संक्रमित जनशक्तिको सम्पूर्ण उपचार खर्च प्रदेश सरकारले व्यहोर्ने निर्णय गरेको छ । प्रादेशिक कोरोना संकट व्यवस्थापन समितिको आइतबार सम्पन्न बैठकले सो निर्णय गरेको हो । बैठकले भविष्य बढ्ने सक्ने संक्रमितहरुको चापलाई ध्यानमा राख्दै प्रदेश भित्रका अन्य निजि अस्पतालहरुलाई नेपाल सरकारको मापदण्ड बमोजिम सम्झौता गरि संचालनमा ल्याउन समाजिक विकास मन्त्रालयका सचिवको नेतृत्वमा रहेको समितिलाई जिम्मेवारी दिने निर्णय समेत गरेको छ । त्यसै गरि बैठकले प्रदेश भित्र संचालनमा रहेका सार्वजनिक तथा सामुदायिक अस्पतालहरुको प्रयोगशालामा गरिने पिसिआर टेष्ट गर्न लगाउने निर्णय समेत गरेको छ । मुख्यमन्त्री लालबाबु राउतको अध्यक्षतामा बसेको पिसिसिएमसीको बैठकमा मन्त्रीहरु, प्रमुख सचिव लगायतका प्रदेश सरकारका सचिवहरु, सुरक्षा निकायका प्रमुख एवं स्वास्थ्य क्षेत्रका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

### कैलालीमा निषेधाज्ञा बैशाख ३० सम्म

कैलाली । कोरोना भाइरसको दोस्रो लहर दिनप्रति दिन बढ्दै गएकोले नियन्त्रणका निषेधाज्ञा लम्ब्याउने निर्णय गरेको छ । शनिबार बसेको जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्रको बैठकले कैलालीमा जारी निषेधाज्ञाको अवधी बढाउने निर्णय गरेको छ । वैशाख १६ गतेदेखि २२ गतेसम्म लागु हुने गरी जारी गरेको निषेधाज्ञाको अवधि लम्ब्याएर वैशाख ३० गतेसम्म पुऱ्याउने निर्णय भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । उनका अनुसार कोरोना भाइरसको जोखिम कम भएका चुरे गाउँपालिका र मोहन्याल गाउँपालिका बाहेकका सबै पालिकामा वैशाख ३० गतेसम्म निषेधाज्ञा कायम रहनेछ । यस्तै बैठकले कोरोना भाइरसको जोखिमलाई ध्यानमा राखेर वैशाख २० गतेदेखि बैंक तथा वित्तीय संस्था बिहान ९ देखि साढे ११ बजेसम्म मात्र सञ्चालन गर्न पाउने व्यवस्था गरेको छ भने एउटा संस्थाले दिनमा एउटा शाखाबाट मात्र सेवा दिन पाउने छ । अत्यावश्यक बाहेकका सबै सेवाप्रवाह गर्ने सरकारी निकायमा कार्यरत कर्मचारी आवश्यक परेका बखतमात्र काममा आउने गरी आलोपालो व्यवस्था मिलाउन समेत निर्देशन दिइएको छ ।

### वीरगन्जमा कोरोना संक्रमित महिलाको मृत्यु

वीरगन्ज । उपचारको क्रममा वीरगन्जमा थप एकजना कोरोना संक्रमितको मृत्यु भएको छ । वीरगञ्ज- २ छपकैया बस्ने ६५ वर्षीया महिला कोरोना संक्रमणका कारण मृत्यु भएको हो । नारायणी अस्पतालमा उपचारको क्रममा बिहान ८ :१० बजे उनको मृत्यु भएको अस्पतालका कोभिड संयोजक डाक्टर सरोज रोशन दासले जानकारी दिए । कोरोनाका लक्षणसँग मिल्दोजुल्दो स्वास्थ्य समस्या देखिएपछि उनलाई वैशाख १७ गते उनलाई नारायणी अस्पतालमा भर्ना गरिएको थियो । सोही दिन गरिएको पीसीआर परीक्षण रिपोर्ट पोजेटिभ आएको थियो । कोभिड निमोनियका कारण दुवै फोक्सोले काम नगर्दा उनको मृत्यु भएको नारायणी अस्पतालले जनाएको छ ।

# लुम्बिनी प्रदेशका सांसदहरुको निष्काशन गैरकानूनी र अवैध भन्दै महन्थ ठाकुरद्वार आयोगलाई जानकारी



काठमाडौं । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले लुम्बिनी प्रदेशका चार प्रदेशसभा सदस्यलाई निष्कासन गर्ने पार्टीको निर्णय अवैध र गैरकानूनी रहेको भन्दै निर्वाचन आयोग पुगेका छन् ।

ठाकुरले २०७७ पुस ७ गतेपछि जनता समाजवादी पार्टीको कार्यकारिणी समितिको बैठक नै नबसेको र बैठक बोलाउन कुनै सूचना पनि जारी नगरिएको बताएका छन् ।

पार्टीको बैठक नै नबसेको बेला लुम्बिनी प्रदेशसभा सचिवालयले जसपाले सांसदलाई पदबाट निष्काशन गरेको भनी जारी गरेको सूचना प्रथम दृष्टिमै अवैध र गैरकानुनी भएको ठाकुरले जिकिर गरेका छन् ।

“सो अवैध एवं गैरकानुनी पत्रलाई आधार मानी त्यस निर्वाचन आयोगबाट कुनै पनि काम कारबाही अगाडि नबढाउन अनुरोध छ’ पत्रमा भनिएको छ ।

लुम्बिनी प्रदेश सरकारमा सहभागी भएका प्रदेसशभा सदस्यहरु सन्तोषकुमार पाण्डेय, विजयबहादुर यादव, सुमन शर्मा रायमाझी र कल्पना पाण्डे जनता समाजवादी पार्टीबाट दलबाट निष्कासन गरेको पत्र आइपुगेको भनी बिहीबार लुम्बिनी प्रदेश सरकारले सूचना जारी गरेको थियो ।

प्रदेशसभा सचिवालयले निकालेको सूचनामा भने जसपा केन्द्रीय कार्यकारिणी समितिले राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ३२ को उपदफा (५) बमोजिम प्रदेशसभा सदस्य र पार्टी सदस्यबाट निष्कासन गरेको सूचना जसपा लुम्बिनी प्रदेश संसदीय दलले दिएको उल्लेख गरिएको छ ।

तर जसपाका दुईमध्ये एक अध्यक्ष ठाकुरले कार्यकारिणी समितिको बैठक नै नबोलाइएको भन्दै निर्वाचन आयोगको ध्यानाकर्षण गराएका हुन् ।

# कोरोना महामारीसँग जुध्न विभिन्न अस्पतालका लागि ४१७ दरबन्दी थप, सबै जिल्लाका लागि फोकल मन्त्री तोकियो

जनकपुरधाम । प्रदेश नं. २ को सरकारले कोरोना महामारीसँग जुध्न प्रदेशभरिका विभिन्न अस्पताल तथा प्रयोगशालाका लागि ४ सय १७ अस्थायी दरबन्दी थप गरेको छ ।

मन्त्रिपरिषद्को सोमबार सम्पन्न बैठकले प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाका लागि ३३, प्रादेशिक अस्पतालका लागि १७४, सिरहा, जलेश्वर, मलंगवा, गौर र कलैया अस्पतालका लागि ३२/३२ लहान अस्पतालका लागि २३ र भारदह तथा पोखरिया अस्पतालका लागि १५/१५ दरबन्दी थप गर्ने निर्णय गरेको छ ।

कोरोना विशेषका लागि थप गरिएको दरबन्दीहरुमा एनेस्थेसियोलोजिष्टदेखि लिएर स्वीपरसम्मको पद रहेको छ । थप गरिएका दरबन्दीहरुमा अस्पतालले आवश्यकताको आधारमा तुरुन्त नियुक्त गर्न सकिने व्यवस्था गरिएको छ ।

यसैगरी, मन्त्रिपरिषद्को बैठकले कोरोना महामारीसँग जुध्न प्रदेश सरकारका मन्त्रीहरुलाई जिल्ला-जिल्लाको जिम्मेवारी दिँदै फोकल मन्त्रीसमेत निर्धारण गरेको छ ।

सप्तरी जिल्लाका लागि भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री शैलेन्द्र साह, सिरहा जिल्लाका लागि आर्थिक मामिला तथा योजना विजय कुमार यादव, धनुषा र महोत्तरीका लागि आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्र कुमार यादव, सर्लाही र रौतहटका लागि उद्योग, पर्यटन वन तथा वातावरणमन्त्री राम नरेश राय र बारा तथा पर्साका लागी भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्र सोनललाई फोकल मन्त्रीको जिम्मेवारी दिने निर्णय गरेको छ ।

जिम्मेवारी तोकिएका मन्त्रीहरु सम्बन्धि जिल्ला र प्रदेश सरकारका बीच कोरोना महामारी नियन्त्रणका लागि पूलको रुपमा काम गर्ने भएका छन् ।

मन्त्रिपरिषद्को बैठकले यसअघि पिसिसिएमसीको बैठकले गरेको निर्णयहरुलाई अनुमोदनसमेत गरेको छ ।

# प्रचण्डलाई शहीदको श्राप लाग्नेछ : उपप्रमुख महतो

रौतहट । रौतहट जिल्लाको फतुवा विजयपुर नगरपालिकाकी उपप्रमुख कान्ति देवी महतोले आफ्नो पद खोस्ने प्रचण्डलाई शहीदको श्राप लाग्ने बताएकी छिन् । प्रचण्डले उपप्रमुख महतोलाई पदमुक्त गरेको पत्र निर्वाचन आयोगलाई लेखेपछी महतोले प्रतिक्रिया दिँदै उनले प्रचण्डको पतन हुने बताइन् ।

प्रचण्डमा उन्माद बढेकोले शहिदको रगत र जनयुद्धमा आफुहरुको योगदान बिर्सेको उपप्रमुख महतोको आरोप छ । प्रचण्डले जनयुद्धमा मारिएकालाई शहिद घोषणा नगरेको, घाइतेको उपचारमा ध्यान नदिई अलपत्र पारेको, जनमुक्ति सेनाको पैसा खान पछि नपरेको प्रचण्डले जनताको मतबाट निर्वाचित आफुलाई पदबाट हटाउन खोज्नु एक महिलामाथिको निरंकुश कदम भएको उनको भनाइ छ ।

“म एक शहिद परिवार । मेरो श्रीमान श्याम महतो जनयुद्धको मैदानमा शहिद हुनुभएको थियो । मेरो परिवारले देशको बदलावमा क्रान्तिकारी योगदान पुर्याएको छ । मजस्ता हजारौंको बलमा आज प्रचण्ड नेता बनेको हो । तर म एउटा गरिब परिवारको सदस्य, मेरो छोरा छैन, कम्युनिष्ट आन्दोलनमा लागेर यहाँसम्म आउदा मेरो समाज र जनताले मलाई साथ दिदै आएको छ । जनताको मतबाट मैले चुनाव जितेको हो । अनि मलाई आज प्रचण्डले पदबाट हटाउदै छ, प्रचण्डलाई शहिदको श्राप लाग्छ ।“ उपप्रमुख महतोले भनिन्, “म जस्तो एक शहिदको पत्नीको पद पनि प्रचण्डलाई नपचेको यो कस्तो बिडम्बना हो । मलाई मत दिने फतुवा विजयपुर नगरपालिकाको जनताको अपमान हो । अब प्रचण्डको पतन निश्चित छ ।“

“जनयुद्धका शहिदलाई शहिद घोषणा नगराउने, घाइतेको उपचार नगरी अलपत्र पार्ने, जनमुक्ति सेनाको पैसाले आफ्नो परिवार पाल्ने र अरुलाई सडकमा पुर्याउने यीनै प्रचण्ड हुन् । आज हामीलाई अन्याय गरेर आफ्नो असलि रुप देखाइरहेका छन् ।“ उपप्रमुख महतोले थपिन्, “आफ्नो छोरीलाई चुनाव जिताउन कांग्रेस संग मिल्ने, आफू चुनाव जित्न एमाले संग मिल्ने प्रचण्ड चाहिं माओवादी हुने । तर हामी आफ्नो बलमा जनताको साथले चुनाव जित्दा माओवादी नहुने ? यो कस्तो बिडम्बना हो । प्रचण्डले यसको हिसाब बुझाउनुपर्छ ।“

उपप्रमुख कान्ति देवी महतो शहिद परिवार हुनुको साथै एक सशक्त स्थानीय महिला नेत्री पनि हुन् । रौतहटको फतुवा विजयपुर नगरपालिकामा उनले सानदार मतका साथ स्थानीय चुनाव जितेकी थिइन् । उनलाई पदमुक्त गर्ने कदम चालेपछि जनस्तरमा समेत नागरिक एवम् कार्यकर्ता आक्रोसित बनेका छन् ।


- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासायनिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको ‘रेकर्ड’ राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २, धनुषा, नेपाल

सम्पर्क नं. : ०१५२२३५०

इमेल : malcprovince2@gmail.com


## संक्षिप्त समाचार

### पोखरेल पुनः मुख्यमन्त्रीमा नियुक्त

बुटवल । राजीनामा दिएका शंकर पोखरेल पुनः लुम्बिनी प्रदेशको मुख्यमन्त्रीमा नियुक्त भएका छन् । प्रदेश प्रमुख धर्मनाथ यादवले नेपाल कम्युनिष्ट पार्टी (एमाले), लुम्बिनी प्रदेश संसदीय दलका नेता शंकर पोखरेललाई नेपालको संविधानको धारा १६८ को उपधारा (१) बमोजिम प्रदेश मुख्यमन्त्री पदमा नियुक्त गरेका हुन् । यसअघि नेपाल कम्युनिष्ट पार्टी ( एमाले), लुम्बिनी प्रदेश संसदीय दलका नेता शंकर पोखरेलले आफ्नो नेतृत्वमा नेपालको संविधानको धारा १६८ को उपधारा (१) बमोजिम सरकार गठन गर्न प्रदेश सभाका बहुमत सदस्यहरुको हस्ताक्षरसहित प्रदेश प्रमुख समक्ष दावी पेश गरेका थिए ।

### ट्रकको ठक्करबाट एकको मृत्यु

रुपन्देही । ट्रकले मोटरसाइकलाई ठक्कर दिँदा रूपन्देहीको बुटवलमा एक युवकको मृत्यु भएको छ । कपिलवस्तुबाट बुटवलतर्फ आइरहेको ना ३ ख ७४०९ नम्मबरको ट्रकले विपरीत दिशातर्फ जाँदै गरेको लु ४७ प ७१३६ नम्बरको मोटरसाइकलाई बुटवल उपमहानगरपालिका-१२ ढवाहमा ठक्कर दिएको थियो । दुर्घटनामा परी मोटरसाइकलका चालक कपिलबस्तुको वाणगंगा नगरपालिका-९ का २५ वर्षीय सुवास आचार्यको मृत्यु भएको प्रदेश ट्राफिक प्रहरी कार्यालय बुटवलले जनाएको छ । आइतबार राती भएको दुर्घटनामा परी घाइते भएको आचार्यको उपचारको क्रममा लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा मृत्यु भएको हो ।

### चक्कु प्रहारबाट मृत्यु

धनुषा । हंसपुर नगरपालिका-६ तीलही बस्ने २५ वर्षीय शम्भु मण्डलको धारिलो हतियार चक्कु प्रहारबाट शनिबार बिहान मृत्यु भएको छ । घरायसी विवादको कारण झै-झगडा हुँदा शम्भुलाई आफ्नै श्रीमती २३ वर्षीया शुसीला देवी मण्डल तथा शम्भुकै भाइहरू २४ वर्षीय संजय भन्ने जय मण्डल र २३ वर्षीय अनिल मण्डलले चक्कु प्रहार गर्दा घटनास्थलमै मृत्यु भएको हो । हाल फरार तीनै जनाको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### टिपर र मोटरसाइकल ठोक्किँदा एकको मृत्यु

मोरङ । ग्रामथान गाउँपालिका-२ भृकुटीमा को.१ क ३३४५ नम्बरको टिपर र को.२९ प ४१७० नम्बरको मोटरसाइकल आपसमा ठक्कर खाई दुर्घटना हुँदा एकको मृत्यु भएको छ । शनिबार दिउँसो दुर्घटना हुँदा मोटरसाइकल चालक ग्रामथान गाउँपालिका-५ बस्ने ३५ वर्षीय नरेश माझीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको न्यूरो अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो । टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । दुर्घटनाका सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### सुन र चाँदी जस्तो देखिने धातुसहित पक्राउ

रुपन्देही । लुम्बिनी साँस्कृतिक नगरपालिका-११ मुगलाह जोगडास्थित सडकमा भारतबाट अवैध रुपमा ल्याउँदै गरेको ४ सय ४० ग्राम सुन जस्तो देखिने पहेँलो धातु र ८ किलो ३ सय ग्राम चाँदी जस्तो देखिने धातु सहित दुई जना पक्राउ परेका छन् । गैडहवा गाउँपालिका-६ बस्ने ४२ वर्षीय कृष्ण कुमार सुनार समेत २ जनालाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । लु.३५ प ३०० नम्बरको मोटरसाइकललाई ईलाका प्रहरी कार्यालय लुम्बिनीबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा भारतबाट अबैध रूपमा ल्याउँदै गरेको अवस्थामा उक्त धातु सहित फेला पारी उनीहरुलाई पक्राउ गरेको हो ।

### गाँजासहित तीन जना पक्राउ

सिरहा । धनगढीमाई नगरपालिका-११ श्रमजिवी जाने बाटोबाट १२ किलो अवैध लागूऔषध गाँजा सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । मंगलबार राति पक्राउ पर्नेहरुमा धनगढीमाई नगरपालिका-१३ बस्ने २१ वर्षीय राकेश यादब, २१ वर्षीय सुनिल यादब र २० वर्षीय संजय यादब रहेका छन् । स.१० प २७३ र स.२ प ७५८३ नम्बरको मोटरसाइकललाई ईलाका प्रहरी कार्यालय धनगढीबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा दुबै मोटरसाइकलमा सवार उनीहरुलाई उक्त गाँजा सहित फेला पारी पक्राउ गरेको हो ।

### बसको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

कपिलवस्तु । कृष्णनगर नगरपालिका-११ झिंगा चोकस्थित सडकमा लु.१ ख ७४५० नम्बरको बसले यूपी ५५ आईएल ०३७५ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा एक युवकको मृत्यु भएको छ । मंगलबार दिउँसो ठक्कर दिँदा मोटरसाइकल चालक कृष्णनगर नगरपालिका-१२ नारायणपुर बस्ने २५ वर्षीय राम वरण यादबको मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको शिवराज अस्पताल बहादुरगंजतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो । बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### प्लाष्टिकको बोराभित्र शव फेला

धनुषा । जनकपुर उपमहागरपालिका-२३ स्थित आँपको बगौंचामा रहेको प्लाष्टिकको बोराभित्र नगराईन नगरपालिका-६ लग्मा बस्ने ४५ वर्षीय ऐलुन राईनको शव फेला परेको छ । मंगलबार उक्त बगैंचमा सेतो बोरा शंकास्पद अवस्थामा रहेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय धनुषा र प्रहरी चौकी जिरोमाईलबाट खटिएको प्रहरीले बोराभित्र शव फेला पारेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाइएको छ ।

### २५ बेडको आइसोलेशन सेन्टर तयार

मणि प्रसाद गैह्रे, कपिलवस्तु । महाराजगन्ज नगरपालिकाले २५ बेडको अक्सिजनसहितको आइसोलेशन सेन्टर तयार गरेको छ । नगरपालिकाको वडा न ७ कुशाहवामा रहेको स्वास्थ्य चौकीमा १५ बेडको र वडा नं १० को हरदौना स्वास्थ चौकी भवनमा १० बेडको आइसोलेशन तयार गरिएको महाराजगन्ज नगरपालिकाका नगर प्रमुख अब्दुल कलामले जानकारी दिए । कोरोना संक्रमितलाई तत्काल उपचार गर्न आइसुलेसन तयार पारिएको कलामले जानकारी दिए । साथै नगरपालिका भित्र रहेका एम्बुलेन्स तयारी अवस्थामा रहेको नगर प्रमुख कलामले बताए ।

### जिल्ला प्रशासन सिरहाको सेवा स्थगित

सिरहा । राजस्व संकलन काउन्टरका एक कर्मचारीमा कोरोना संक्रमण पुष्टि भएपछि जिल्ला प्रशासन कार्यालय सिरहाको सेवा अनिश्चितकालका लागि बन्द भएको छ । प्रमुख जिल्ला अधिकारी प्रदीपराज कँणेलले सूचना जारी गर्दै अत्यावश्यक बाहेकका सेवा अर्को सूचना जारी नभएसम्मका लागि स्थगित भएको बताएका छन् । कार्यालयका एक कर्मचारीमा कोरोना पुष्टि भएपछि कार्यालयका अन्य सबै कर्मचारीको पीसीआर परीक्षण गरिएको छ ।

### सप्तरीमा शनिबारदेखि निषेधाज्ञा

राजविराज । सप्तरीमा पनि निषेधाज्ञा लगाउने निर्णय भएको छ । वैशाख २५ गते राति शनिबार १२ बजेदेखि लागू हुने गरी जिल्लाको शहरी क्षेत्रमा निषेधाज्ञा लगाउने निर्णय भएको हो । जिल्ला संकट व्यवस्थापन केन्द्रको बिहीबार बसेको बैठकले जिल्लाका सम्पूर्ण शहरी क्षेत्रमा बैशाख २५ गतेदखि अर्को आदेश जारी नभएसम्मका लागि निषेधाज्ञा लगाउने निर्णय भएको प्रमुख जिल्ला अधिकारी फणिन्द्रमणी पोखरेलले जानकारी दिए । उनका अनुसार बैठकले सरकारी अस्पतालमा कार्यरत चिकित्सकलाई निजी क्लिनिक बन्द गरेर अस्पतालमै सेवा दिन भनिएको छ । निजी क्लिनिक सञ्चालन गर्ने अन्य चिकित्सकलाई पनि भीडभाड नगरी सञ्चालन गर्न बैठकले भनेको छ ।

### नापी कार्यालय धनुषा बन्द

जनकपुरधाम । कोरोना महामारीको दोस्रो लहर देशैभरि फैलिएपछि जिल्ला नापी कार्यालय धनुषा अनिश्चितकालका लागि बन्द गरिएको छ । कायार्लयले एक सूचना जारी गर्दै कार्यालयबाट प्रवाह गरिने सबै प्रकारका सेवाहरु अनिश्चितकालका लागि स्थगित गरिएको जानकारी दिएको छ । विश्वभर नयाँ भेरियन्टसहितको कोरोना महामारी फैलिँदै गइरहेकोले धनुषा जिल्लासमेत प्रभावित देखिएपछि सेवाहरु बन्द गर्नु परेको कार्यालयले जनाएको छ । कोरोना जोखिम नियन्त्रण गर्न भिडभाड कम गरी कार्यालय सञ्चालन गर्ने व्यवस्था मिलाउँदा समेत भिड नियन्त्रणमा आउन नसकेकाले वैशाख १९ गतेदेखि यस कार्यालयबाट प्रवाह हुने सेवाहरु बन्द गर्ने निर्णय गरिएको नापी कार्यालयका अधिकृत वर यादवले जानकारी दिएका छन् ।

## स्थानीय सम्वाद

# आइसियु बेड र भेन्टिलेटर भएपनि दक्ष जनशक्ति छैन



## अजय कुमार गुप्ता
### मेयर, गौर नगरपालिका, रौतहट

**० कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरिएन्टसहितको संक्रमण रोकथामका लागि गौर नगरपालिकाले के गर्दैछ ?**

– कोरोना महामारीको नयाँ भेरिएन्टसहितको संक्रमण धेरै नै खतरनाक छ । गौर नगरपालिका यस सन्दर्भमा सुरुदेखि नै सचेत छ । भारतीय सीमासँग जोडिएको कारणले पहिलादेखि नै सीमानाकामा हेल्पडेस्क स्थापना गरिसकेका छौं । भारतमा विभिन्न कारणवश गएका नेपालीहरु फर्किंदा नाकामै एन्टिजेन टेष्ट गरेर पोजिटिभहरुलाई आइसोलेसनमा र निगेटिभहरुलाई होम क्वारेन्टाइनमा बस्ने व्यवस्था गरिएको छ । ठाउँ-ठाउँमा हात धुने व्यवस्थाहरु गरेका छौं । घरबाहिर निस्कँदा अनिवार्य मास्क लगाउनुपर्ने र नलगाउनेलाई जरिवाना पनि तोकिएको छ । त्यसको पूर्ण पालना पनि भइरहेको छ । गौरका हाटबजारहरु बन्द गरिएको छ । गौर नगरपालिकाले आफ्नै स्रोतबाट कमसेकम १० बेडको अक्सिजनसहितको कोभिड अस्पताल सञ्चालन भइरहेको छ । कोरोनाको नयाँ भेरिएन्टलाई कसरी रोकथाम गर्नेबारे विभिन्न रणनीतिहरु बनाएर हामी अगाडि बढिरहेका छौं ।

**० कोरोना महामारी एक वर्षदेखि नेपालमा देखिँदैआएको छ । दोस्रो लहर आउँदासम्म पनि स्थानीय तहहरुले आवश्यक तयारी गरेन भन्ने आरोपहरु छन् नि ?**

– कोरोना महामारी आउँदा यसको सम्पूर्ण व्यवस्थापन स्थानीय तहहरुले नै गरिरहेका छन् । अहिलेसम्म मूर्तरुपमा फिल्डमा काम गरेको स्थानीय तह नै हो । अहिले क्वारेन्टाइन वा आइसोलेसन बनाउने होइन । किनभने नेपाल सरकारको मापदण्डअनुसार होम आइसोलेशनको व्यवस्था गरिएको छ र त्यसको नियमन स्थानीय तहले गर्ने हो । अहिलेको दोस्रो लहरको कोरोना धेरै नै खतरनाक भएकोले अक्सिजनसहितको आइसोलेसन चाहिएको छ । त्यो हिसावले स्थानीय तहहरु आआफ्नो पालिकाहरुमा कम्तीमा पाँच बेडको कोभिड अस्पतालहरु निर्माणको क्रममा छन् । कोभिड अस्पताल भनेको डाक्टर, स्टाफ नर्स र दक्ष जनशक्ति हुनुपर्‍यो र त्यसको साथसाथै अक्सिजन हुनुपर्‍यो । यी सबै चीज एकैचोटि पाउन सक्ने अवस्था छैन । कोभिड अस्पतालको नाममा धेरै जस्ता स्वास्थ्यकर्मीहरु कामै गर्न मानिरहेका छैनन् । यस्तो अवस्थामा काम गर्नुपरेको छ । त्यसैले स्थानीय तहले केही गरिरहेको छैन भन्नु उचित नहोला । अहिलेसम्म कोभिड नियन्त्रण तथा रोकथाम लगायत सम्पूर्ण काम स्थानीय तहले गरिरहेको छ ।

**० महामारीको बेला प्रदेश र संघीय सरकारको कतिको सहयोग पाइरहनुभएको छ ?**

– हामी अहिलेसम्म प्रदेश वा संघीय सरकारबाट केही पनि पाएका छैनौं । अहिले हामी जे गरिरहेका छौं, आफ्नो स्रोतले गरिरहेका छौं ।

**० प्रदेश सरकारले विभिन्न कामहरु गरिरहेको दाबी गर्दैछ नि ?**

– प्रदेश सरकारको प्रादेशिक अस्पताल र जिल्लास्तरीय अस्पतालहरु छन् । प्रदेश सरकारले त्यो मार्फत् गर्ने हो । पालिकाले आफ्नो स्रोतमार्फत् गर्ने हो । यो दोस्रो लहर आउँदासम्म स्थानीय तहलाई प्रदेश वा संघीय सरकार कतैबाट सहयोग दिइएको छैन । प्रदेश सरकारले गौर अस्पतालमा आइसियु बेड र भेन्टिलेटरहरु पठाइसकेको छ । तर बेड वा भेन्टिलेटर मात्रै पठाएर हुँदैन । त्यो सञ्चालनका लागि दक्ष जनशक्ति चाहिन्छ । दुई-तीन दिनपहिला प्रदेश सरकारको मन्त्रिपरिषद्को निर्णय भएको छ जसमा गौर अस्पतालका लागि ३२ वटा दरबन्दी थप गरिएको छ । सुरुदेखि नै स्वास्थ्य संरचना बलियो बनाउनेतर्फ लागेको भए आज बलियो अवस्था हुन्थ्यौं । हामीसँग उपलब्ध स्रोतसाधन र जनशक्तिले भ्याएसम्म क्षमताभन्दा बढी काम गरेर कोरोना रोकथाम र नियन्त्रणमा हामी लागिपरेका छौं ।

**० यो कोरोना महामारीबाट के पाठ सिक्नुपर्छ ?**

– यो समयमा एकअर्कालाई आरोप लगाएर हामी पन्छिन पाउँदैनौं । किनभने राज्य पुनर्संरचनापछि देशमा तीन तहको सरकार छन् । तीन तहको सरकारबीच समन्वयबाट नै यो महामारीबाट पार पाउन सक्छौं । हाम्रो स्वास्थ्य संरचना बलियो हुनैपर्छ । नेपालजस्तो अल्पविकसित देशमा स्वास्थ्य र शिक्षामा नै सबभन्दा बढी जोड दिनुपर्छ । यो सन्दर्भमा राज्यको पनि ध्यान गइरहेको छ । एकैचोटि हामीले स्वास्थ्य संरचनालाई बलियो बनाउन सक्दैनौं । त्यसको लागि समय चाहिन्छ । गत वर्षदेखि यो महामारीसँग निरन्तररुपमा लडिरहेकै छौं । यो हाम्रो लागि ठूलो पाठ पनि हो । यही अवसरलाई हामी उपयोग गरी आआफ्ना ठाउँका स्वास्थ्य संरचनाहरु बलियो बनाउनै पर्छ । यो अहिलेको आवश्यकता पनि हो । किनभने भोली फेरि तेस्रो लहरको कोरोना आउन सक्छ वा अन्य कुनै महामारीहरु पनि आउन सक्छन् । त्यसैले अब हामी पहिलादेखि नै तयारीमा अवस्थामा बस्नुपर्छ ।

**० यो महामारीका बेला तीनै तहको सरकारबीच समन्वय र सहकार्य कस्तो छ त ?**

– अहिले तीनै तहको सरकारबीच समन्वय भइरहेको छ । नेपाल सरकारको मन्त्रिपरिषद्ले गरेका निर्णयहरुलाई हामीले मूर्तरुप दिइरहेका छौं । प्रदेश सरकारका निर्णयहरुलाई पनि हामीले कार्यान्वयन गरिरहेका छौं । अहिले समन्वयको कुनै विकल्प नै छैन । समन्वयले नै यस्तो ठूलो चुनौतीसँग हामी लड्न सक्छौं ।

**० सीम ानाकामा आवत-जावतको अवस्था के छ ?**

– अहिले सीमा नाका नियन्त्रणमा छ । केही नेपाली नागरिकहरु कामकाजको शिलसिलामा भारतमा बसेका छन्, तिनीहरुलाई आउन दिइएको छ । त्यसका सीमित नाकाहरु प्रयोग भइरहेको छ । जसमा हामीले एन्टिजेन टेष्ट गरेर नै प्रवेश गर्न दिइरहेका छौं ।

**० गत वर्ष लकडाउन हुँदा दैनिक ज्याला र मजदुरी गर्नेहरुका लागि राहत पनि बाँडिएको थियो, तर यस वर्ष त्यस्तो देखिएको छैन । किन ?**

– अहिलेको सन्दर्भ भनेको राहत बाँड्ने होइन । यो कुरालाई हामीले गम्भीररुपमा बुझ्नुपर्छ । अहिलेको मूल आवश्यकता भनेको कोभिड अस्पताल निर्माण गरी अक्सिजनको जहाँ कमी भइरहेको छ, जो मृत्युसँग जुधिरहेका छन् त्यसलाई बचाउने हो । त्यसैमा हाम्रो जोड पनि छ । अहिलेको निषेधाज्ञा पहिला जस्तो हुँदैन । किनभने महामारीसँगसँगै मान्छेको पेट पनि छ, त्यसलाई पनि हामीले ध्यानमा राखेका छौं । त्यही हिसाबले अब हामी कदमहरु उठाउँछौं ।

**० पछिल्लो वर्षभन्दा यसपटक जनता कतिको सचेत भएका छन् ?**

– त्यो स्वाभाविक हो । जनतामा धेरै डर र त्रास छ, मान्छे आफै पनि सचेत छन् । किनभने पहिलाको कोरोनाभन्दा यो चार गुणा बढी खतरनाक छ । यसले सिधै मान्छेलाई मारिरहेको छ । त्यसैले आमनागरिक आफै पनि सजग छन् र हुनु पनि पर्छ । सबैसँगको सहकार्य, समन्वय र सहयोगबाट नै यसलाई रोकथाम गर्न सक्छौं । हामीसँग अर्को कुनै विकल्प छैन ।

# बाँकेमा कोरोना जित्नेको संख्या बढ्दो

नेपालगन्ज । बाँकेमा तीव्र गतिमा देखिएको कोरोना भाइरस सङ्क्रमण जितेर घर फर्किनेको सङ्ख्या बढ्दो क्रममा रहेको छ । पछिल्लो एक हप्तामा मात्रै सङ्क्रमित भई विभिन्न कोभिड आइसोलेशन र होम आइसोलेशनमा स्वास्थ्य लाभ गरेका एक हजार ३३५ जनाले कोरोना जितेर घर फर्किएको जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र बाँकेका स्रोत व्यक्ति तेज वलीले जानकारी दिए ।

उनका अनुसार यो अवधिमा १४ महिने बालकसहित १११ वर्षीय वृद्धले समेत कोरोना जित्न सफल हुनुभएको छ । गत शनिबार १११ वर्षीय वृद्ध र आइतबार १४ महिले बालकले कोरोना जितेर घर फर्किनुभएको हो । कोरोना जित्नेहरु अधिकांश होम आइसोलेशनमा बसेका हुन् ।

बाँकेमा यही वैशाख १९ गते ३०५, १८ गते २५०, १७ गते २०५, १६ गते २४४, १५ गते ८८, १४ गते १०६, १३ गते १२५, १२ गते १२ सङ्क्रमित कोरोना जितेर घर फर्किएको जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको तथ्याङ्कले देखाएको छ ।

जिल्लामा कोरोना जित्नेको तुलनामा सङ्क्रमण दर बढी देखिन्छ । पछिल्लो हप्तामा एक हजार ३३५ निको हुँदा तीन हजार ५२० सङ्क्रमित थपिएका छन् । वैशाख १९ गते ४६५, १८ गते २५३, १७ गते ६२८, १६ गते ४९६, १५ गते ५५३, १४ गते ५२६, १३ गते २५६ र १२ गते ३४३ जना सङ्क्रमित थप भएका छन् ।

सङ्क्रमित अधिकांश लक्षण नदेखिएका रहेकाले जति ठूलो सङ्ख्यामा सङ्क्रमित भए पनि दश दिनपछि त्यति नै सङ्ख्यामा डिस्चार्ज हुने देखिएको नेपालगञ्ज उपमहानगरपालिका स्वास्थ्य शाखाका संयोजक रामबहादुर चन्दले बताए ।

यसैबीच बाँकेमा अस्पतालमा भर्ना भएका थप पाँच कोरोना सङ्क्रमितको गए राति मृत्यु भएको छ । नेपालगञ्जस्थित भेरी अस्पतालमा तीन र शिक्षण अस्पताल कोहलपुरमा दुई गरी पाँच जनाको उपचारका क्रममै मृत्यु भएको जिल्ला कोभिड सङ्कट व्यवस्थापन केन्द्रका स्रोत व्यक्ति वलीले जानकारी दिए। उनका अनुसार भेरी अस्पताल नेपालगञ्जमा उपचाररत नेपालगञ्ज उपमहानगरपालिका-३ निवासी ५१ वर्षीय पुरुषको आज बिहान ३:३०, नेपालगञ्ज-१ निवासी ६६ वर्षीय पुरुषको ४:०० र बढैयाताल गाउँपालिका-८ बर्दिया निवासी ४७ वर्षीय पुरुषको आज बिहान ६:३० बजे मृत्यु भएको हो ।

यसैगरी शिक्षण अस्पताल कोहलपुरमा नेपालगञ्ज-५ निवासी ४८ वर्षीय पुरुषको गए राति ९:३० र बैजनाथ गाउँपालिका-८ निवासी ६० वर्षीया महिलाको आज बिहान १:२० बजे मृत्यु भएको थियो । योसँगै बाँकेका १३३ र बाहिरी जिल्लाबाट यहाँ उपचार गराउन आएका १२२ जनाको मृत्यु भएको स्रोत व्यक्ति वलीले जानकारी दिए।

## उच्च ज्वरोले सर्लाहीमा ४ को ज्यान गयो

सर्लाही । सर्लाहीको दक्षिणी क्षेत्रमा पर्ने बलरा नगरपालिकामा कोरोनासँग मिल्दोजुल्दो लक्षण भएका चार जनाको मृत्यु भएको छ । भारतसँगको सीमा जोडिएको सर्लाहीको बलरा नगरपालिका-६ मिर्जापुरमा शनिबार र आइतबार गरी दुई दिनमा उच्च ज्वरो लागेर चार जनाको ज्यान गएको हो ।

मिर्जापुरका ८० वर्ष भन्दामाथिका दुई वृद्ध र ४०/४५ वर्षका दुई पुरुषको उच्च ज्वरोका कारण ज्यान गएको नगरपालिकाका प्रमुख अभयकुमार सिंहले बताए । चारजना मध्ये तीन जनाको गाउँमै र एकजनाको वीरगन्जमा उपचारको क्रममा ज्यान गएको मेयर सिंहले बताए । मेयर सिंहका अनुसार उच्च ज्वरो लागेर घरमै थलिएका तीनजनाको आइतबार ज्यान गएको हो । अर्का एकजनाको सोमबार वीरगन्जमा उपचारको क्रममा ज्यान गएको हो ।

नगरका विभिन्न बस्तीमा कोरोनासँग मिल्दोजुल्दो लक्षण भएका सयौंको संख्यामा बिरामीहरु घरमा बसिरहेको मेयर सिंहको भनाइ छ । 'उच्च ज्वरो लागेर दुई दिनमा चारजनाको ज्यान गएको छ, कोरोनाको लक्षण भएका सयौं अझै गाउँमै छन्,' उनले भने, 'कोरोनाको संक्रमण समुदायमा फैलिसकिएको अनुमान छ ।'

## अस्पतालले भर्ना नलिँदा बिरामीको मृत्यु

जनकपुरधाम । धनुषामा एक जना कोरोना भाइरसका शंकास्पद बिरामीको उपचार अभावमा मृत्यु भएको छ । रुघाखोकी तथा ज्वरोको समस्या देखिएका ती बिरामीको उपचार नपाएर ज्यान गएको हो ।

कोरोनाजस्तै लक्षण देखिएका धनुषाको बटेश्वर गाउँपालिका- ४ मा रहँदै आएका ४५ वर्षीय लोकबहादुर परियारको उपचार अभावमा मृत्यु भएको हो । केही दिनयता रुघाखोकी तथा ज्वरोको समस्याबाट उनी ग्रसित थिए । श्वासप्रश्वासमा समस्या देखिएपछि उनलाई उपचारका लागि जनकपुरधाम ल्याइएको थियो ।

प्रादेशिक अस्पताल जनकपुर तथा जनकपुरकै अन्य अस्पतालमा उपचारका लागि भर्ना गर्न लग्दा कतै बेड खाली नरहेकाले उनलाई फर्काइएको थियो । अन्त्यमा बटेश्वरकै एक स्थानीय क्लिनिकमा लैजाँदै गर्दा उनको मृत्यु भएको हो । बटेश्वर बजारको आरपी मेडिकल हलमा पुग्दा मृत्यु भएको थियो । उनको अक्सिजन अभावका कारण मृत्यु भएको बताइएको छ ।

जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा रहेको कोभिड अस्पतालका संयोजक डा. जामुन सिंहले बिरामीलाई भर्ना नलिएको कुरो स्वीकार गरे । अस्पतालमा २६ बेडको आइसोलेसन मात्रै रहेको र ३२ वटा बिरामी आई सकेकाले थप बिरामी भर्ना गर्न सक्ने स्थिति नरहेको उनले बताए ।

# धनुषामा एक नगर प्रमुख र ३ उपप्रमुखसाग माओवादीले मागे स्पष्टीकरण

जनकपुरधाम । नेकपा माओवादी केन्द्रले पार्टीलाई बेवास्ता गरेको भन्दै पार्टीबाट निर्वाचित जनप्रतिनिधसँग स्पष्टीकरण सोधेको छ । नेकपा माओवादी केन्द्र धनुषाले विदेह नगरपालिकाका नगर प्रमुख बेचन दाससहित ३ जना उपप्रमुखसँग स्पष्टीकरण सोधेको हो ।

शहीदनगर नगरपालिकाका नगर उपप्रमुख शिला देवी कापर, सबैला नगरपालिकाका नगर उपप्रमुख निलुदेवी कापर र विदेह नगरपालिकाका नगर उपप्रमुख निलम देवी मण्डललाई पार्टीको गतिविधि तथा कार्यक्रममा सहभागी नभएको भन्दै पत्र प्राप्त भएको ३ दिनभित्रमा लिखित स्पष्टीकरण जिल्ला कार्यालयमा पेस गर्न निर्देशन दिएको सो पत्रमा उल्लेख छ । स्पष्टीकरण पत्रमा माओवादी केन्द्र धनुषाका ईन्चार्ज योग कुमार बरबरिया यादव जीवन र जिल्ला सचिव दीपक यादवको संयुक्त हस्ताक्षर रहेको छ ।

सो स्पष्टिकरण पत्रमा सर्वोच्च अदालतको निर्णय अनुसार पार्टी पुरानै अवस्थामा फर्केता पनि पार्टीको कार्यक्रमहरुमा तपाईंको सहभागिता के कति कारण भइरहेको छैन, तपाईंको आफ्नो स्थानीय तहमा पार्टीको पक्षमा क्रियाशीलता के कति कारणले छैन र तपाईंले नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र त्याग गरेको हो वा होइन भन्ने प्रश्न तेर्स्याउँदै स्पष्टीकरणको जवाफ दिन निर्देशन दिएको छ ।

त्यस्तै नेकपा माओवादी केन्द्र महोत्तरीका अध्यक्ष तुलसीप्रसाद ढुंगानाले सम्सी गाउँपालिकाका अध्यक्ष शेष फारुकलाई समेत अन्य पार्टीको गतिविधिमा संलग्न भएको भन्दै चित्तबुझ्दो स्पष्टीकरण मागेका छन् ।


**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**
**नगरप्रमुख**
**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**



**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**हरिप्रसाद मण्डल**
**नगरप्रमुख**
**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## विश्व परिवेश

# भारतले ३,००० अक्सिजन केन्द्रहरू पाएको छ

भारतीय सीमा शुल्कले सबै खेपलाई द्रुत रूपमा खाली गर्दै छ र कुनै पनि बन्दरगाहमा कुनै आयात थन्किएका छैनन्। विभिन्न मीडिया रिपोर्ट मा दावी गरिएको छ कि अन्य मुलुक बाट भारतको लागि पठाइएका अ'क्सीजन सान्द्रता भन्सार अधिकारी बाट समयमै सीमा शुल्क क्लियरेन्स नगरिंदा थन्किएका छन्। केंद्रीय स्वास्थ्य र परिवार कल्याण मंत्रालयद्वारा सो रिपोर्ट गलत र बिना कुनै आधार को भनी खारिज गरिएको छ।

कोविड १९ बिरूद्धको प्रयासलाई सहयोग पुऱ्याउन भारत सरकारले राज्य शासित प्रदेशहरु र केन्द्र शासित प्रदेशहरुलाई ३००० अक्सिजन केन्द्रक सहयोग पुऱ्याएको कुरा औंल्याउँदै मन्त्रालयले ती या त पहिचान गरिएका तृतीयक देखभाल संस्थाहरुलाई पुऱ्याइएको, वा "डेलिभरीका लागि पठाइएको" भनेर जानकारी दियो। 'राहत सामग्री सडक र हवाको माध्यमबाट पठाइएको छ।यो स्पष्ट पारिन्छ कि भन्सार विभागको गोदाममा कुनै अक्सिजन केन्द्रक रहेको छैन, " मन्त्रालयले बिहीबार एक विज्ञप्तिमा भनेको छ ।

"मिडियाका केही सेक्सनमा यो रिपोर्ट गरिएको छ कि भन्सार अधिकारी बाट समयमै क्लियरन्स नपाँउदा अक्सिजन सान्द्रता थन्किएका छन्। समाचार निराधार र तथ्यमा आधारित नभएको" भनी विज्ञप्तिमा भनिएको छ।

केन्द्रीय अप्रत्यक्ष कर र भन्सार बोर्डले (सीबीआईसी)ले भारतीय भन्सारमा कुनै वस्तु थन्किएर नरहेको स्पष्ट पारेको भन्दै मन्त्रालयले उल्लेख गरेको छ। स्वास्थ्य मन्त्रालयले भने, 'भारतीय सीमा शुल्कले सबै खेप द्रुत रूपमा खाली गरिरहेको छ र कुनै पनि आयात बन्दरगाहमा थन्किएर रहेको छैन।"

विभिन्न देशहरूबाट प्राप्त अक्सिजन केन्द्रकहरूको विवरण दिँदै मन्त्रालयले जनाएको छ कि मा'रिशसले २०० वटा अक्सिजन केन्द्रक, रसिया २०, रोमानिया ८०, आयरल्याण्ड ७००, थाइल्यान्ड ३०, चीन १,०००, उज्वेकिस्तान १५१ र ताइवानले १५० पठाएको छ। बेलायतले चार खेप ९५+१२०+२८०+१७४ अक्सिजन केन्द्रकहरू पठाएको छ।

यी वस्तुहरू आइपुगेपछि खाली गर्ने प्रक्रियाको बारेमा बताउँदै स्वास्थ्य मन्त्रालयले भने कि भारतीय भन्सार "ओक्सिजन र अक्सिजन सम्बन्धी उपकरण लगायत कोविढ सम्बन्धी आयातको उपलब्धतामा संवेदनशील छ"। उनीहरू द्रुत गतिमा आयातित सामानलाई खाली गर्न र निकासा गर्न २४ घण्टा निरन्तर काम गरिरहेका छन्।

'अन्य सामानहरूलाई क्लियरेन्स को लागि भन्सार प्रणालीले उच्च प्राथमिकता दिएको छ। नोडल अधिकारीहरूले अनुगमन र क्लियरन्सका लागि ईमेलमा अलर्टहरू प्राप्त गरे पनि कोविड सम्बन्धित आयातको छिटो निकासी को लागि वरिष्ठ अधिकारीहरूको अनुगमन पनि भइरहेको छ,' मन्त्रालयले औंल्यायो।

भन्सार प्राधिकरणमा रहेको ३,००० अक्सिजन कन्सेन्ट्रेटरको खेप सम्बन्धी मुद्दा पनि हालै दिल्ली उच्च अदालतमा पनि उठेको थियो। सरकारी परामर्शदाताले वर्तमान समयमा भन्सार अधिकारीहरुसँग त्यस्तो कुनै खेप पेन्डिङ अवस्थामा नभएको स्पष्ट पारे।

सोशल मीडियामा ३००० अक्सीजन केन्द्रकहरू भन्सारमा थन्किएर रहेको भन्ने खबरले बाढी नै ल्याएको थियो। यस कारण आर्थिक मन्त्रालयले मे ३ मा एक आधिकारिक विज्ञप्ति मार्फत यस कुराको स्पष्टीकरण दियो।

मन्त्रालयले भन्यो, "हामीले फेरी आफ्नो क्षेत्र गठन सँग जाँच गरेका थियौं र भन्सारमा त्यस्तो कुनै कन्साइनमेन्ट नरहेको पायौं। यद्यपि एउटा फोटो ट्वीटरमा पनि राखिएको छ। यदि यो समाचार सही हो र कसै सँग कुनै प्रमाण भएमा हामीलाई सूचित गर्नुहोस् र हामी तत्काल कारबाही गर्नेछौं"

# पाकिस्तानमा जबरजस्ती धर्म परिवर्तन बढ्दै

इस्लामवाद । मुस्लिम बहुल राज्य पाकिस्तानमा धर्म परिवर्तनको क्रम निकै तीव्र रूपमा वृद्धि भइरहेको छ । सरकारले पनि यसलाई रोक्नका लागि कुनै ठोस पहल गर्न सकेको छैन ।

धर्म परिवर्तनले अपहरण, जबरजस्ती र हत्याजस्ता आपराधिक घटनाहरू पनि बढ्ने गरेका छन् । कानुन पालना गर्ने नेता कयैद-ए-आजमले स्थापित गरेको पाकिस्तानमा अहिले पीडादायी स्थिति सिर्जना भएको छ ।

पाकिस्तानलाई अहिले अपहरण, बाल विवाह, जबरजस्ती धर्म परिवर्तन र मन्दिरमा आक्रमणका घटनाहरू भइरहेका छन् । पाकिस्तानमा कसैले पनि त्यस्तो अपराधको विरुद्ध आवाज उठाउन र पीडितहरूसँग उभिन सक्ने साहस गर्न नसक्नु थप चिन्ताको विषय बनेको छ । हाल पाकिस्तानमा गैर मुस्लिम अल्पसङ्ख्यक समुदायहरूले दुई किसिमका खतराहरू सामना गरिरहेका छन्, जबरजस्ती धर्म परिवर्तन, अतिक्रमण र चरम पन्थी तत्त्वहरूको हातबाट पवित्र पूजा स्थलहरूको विनाश ।

२०१९ मा इस्लामवाद उच्च अदालत (आईसीएच) द्वारा गठित आयोगले खुलासा गरे अनुसार पाकिस्तानमा प्रतिवर्ष जबरजस्ती धर्म परिवर्तनको कम्तीमा तीन हजार वटा घटनाहरू भइरहेका छन्। जसमा १२-१६ वर्षका किशोरीहरू विशेष जोखिममा छन् । धेरै जसो केस सिन्धुमा बस्नेहरू विरुद्ध लक्षित रहेको छ । प्रान्तीय विधान सभाले २०१५ मा जबरजस्ती रूपान्तरण निषेध गर्ने विधेयक पारित गरिसके पनि सरकारले पछि यसलाई फिर्ता लिएको थियो ।

आईसीएच आयोगले नाबालिग केटीहरूको विवाहलाई अवैध घोषित गर्नुपर्ने तर्क गर्दै बालिका विरुद्धको अपराधमा संलग्न सबैलाई कडा कारबाहीको माग गऱ्यो । पाकिस्तानको मानवअधिकार आयोग (एचआरसीपी) ले पनि प्रान्तीय सरकारले यस मुद्दालाई ठिकसँग सम्बोधन गर्न नसकेको उल्लेख गरेको छ । तर, समस्याको पूर्ण समाधान भने अझै हुन सकेको छैन ।

## बेलायत–भारतबीच खोप उत्पादनमा लगानी बढाउने तयारी

लन्डन । बेलायतले भारतसँग करिब एक अर्ब पाउन्ड अर्थात् एक अर्ब ४० करोड अमेरिकी डलर बराबरको नयाँ व्यापार तथा लगानी सम्झौता घोषणा गरेको छ ।

नयाँ व्यापार एवं लगानी सम्झौतामा कोभिड-१९ र अन्य रोग विरुद्धका खोप उत्पादनमा सघाउन भारतस्थित खोप उत्पादक कम्पनी सेरम इन्स्टिच्यूटलाई थप मद्दत गर्ने समेत उल्लेख छ ।

बेलायती प्रधानमन्त्री बोरिस जोन्सन र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच भएको भिडियो कन्फरेन्स बैठक अघि बेलायतका तर्फबाट यस्तो घोषणा गरिएको हो । यस बैठकमा दुई देशबीच स्वतन्त्र व्यापार सम्झौताका लागि सम्झौताहरु हुने अनुमान गरिएको छ ।

बेलायत सरकारले युरोपेली युनियनबाट अलग भएपछि विभिन्न देशसँग व्यापार बृद्धिका लागि सम्झौताहरु गर्न थालेको छ । सोमबार अबेर घोषणा गरिएको बेलायतको यस घोषणाले बेलायमा छ हजार ५०० भन्दा बढी रोजगारी सिर्जना हुने बेलायत सरकारको अपेक्षा छ ।

यस प्याकेज अन्तर्गत सेरमको बेलायतस्थित प्लान्टमा २४ करोड पाउन्ड स्टर्लिङ लगानी गरिने छ जसबाट क्लिनिकल ट्रायल, अनुसन्धान र खोप उत्पादनमा खर्च गरिनेछ । सेरम इन्स्टिच्यूटले कोडाजेनिक्ससँगको साझेदारीमा कोभिड-१९ विरुद्ध एक डोज लगाए पुग्ने खोपको विकास गर्न थालेको छ । नाकबाट दिइने यो खोपको परीक्षण प्रारम्भिक अवस्थामै रहेको छ ।

बेलायत र भारतबीचको वार्षिक व्यापार करिब २३ अर्ब पाउन्डको छ । यो युरोपेली युनियनसँग बेलायतको व्यापारभन्दा ५ प्रतिशत मात्र कमी हो ।

## कोभिशिल्ड र कोभ्याक्सिन कोरोनाको भारतीय भेरियन्टविरुद्ध प्रभावकारी

नयाँदिल्ली । अहिले भारतमा कोरोना भाइरसको भारतीय भेरियन्टको सङ्क्रमण व्यापक रूपमा बढिरहेको छ । नयाँ नयाँ भेरियन्ट र पुरानै भेरियन्ट विरुद्ध यसअघि विकसित खोपहरू लगाउने क्रम भने जारी छ । भारतमा उत्पादन भइरहेका कोरोनाविरुद्धका दुई वटा खोपहरू कोभिशिल्ड र कोभ्याक्सिन खोप अहिलेको भारतीय भेरियन्ट विरुद्ध पनि प्रभावकारी भएको पाइएको छ ।

भारतमा हाल यी दुई वटा खोपहरू लगाइँदै छ । खोप कार्यक्रम जारी रहे पनि भारतमा सङ्क्रमण नियन्त्रण नभएको र खोप प्रभावकारी नभएको भन्ने प्रश्न उठिरहेका समयमा वैज्ञानिकहरूले नयाँ तथ्य पत्ता लगाएका हुन् । उक्त तथ्य अनुसार नयाँ भेरियन्टविरुद्ध पनि भारतमा प्रयोग भइरहेका दुवै खोपहरू प्रभावकारी भएको पाइएको हो ।

वैज्ञानिक तथा औद्योगिक अनुसन्धान परिषद् (सीएसआइआर) अन्तर्गतको जीनोमिक्स तथा एकीकृत जीवविज्ञान संस्थान (आइजीआइबी) का निर्देशक अनुराग अग्रवालले एक प्रारम्भिक अनुसन्धानलाई उद्धृत गर्दै भारतमा अहिले फैलिरहेको सार्स सीओवी २ केबी १.६१७ भेरियन्टविरुद्ध पनि दुवै खोपहरू प्रभावकारी भएको पाइएको बताएका छन् ।

यो खोप लगाइसकेपछि कोरोनाका नयाँ भेरियन्ट भएका व्यक्तिहरूमा सङ्क्रमणको लक्षण कम भएको पाइएको छ । भारतमा फैलिरहेको यस भाइरसलाई डबल म्युटेन्ट भाइरस पनि भन्ने गरिएको छ । यस भाइरसको सङ्क्रमण भएका व्यक्तिहरूलाई पनि भारतमा प्रयोग भइरहेको कोभिशिल्ड र कोभ्याक्सिन खोप लगाइँदै छ । यो खोप लगाइसकेपछि लक्षणहरू कम भएको पाइएको हो ।


श्रम ऐन, २०७४ को पालना गरौं,

श्रमिक, आपूर्तिकर्ता र रोजगारदाता सजग बनौं ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग


## बेलायत-भारत व्यापार चार गुणाले बढ्ने

प्रभावशाली बेलायती सासंद लर्ड डलर पोपटले इण्डिया न्युज नेटवर्कलाई दिएको एक साक्षात्कारमा ऐक दशकमा भारत बेलायत बीचको द्विपक्षीय व्यापार दुई गुणा ले नभइ चार गुणाले बढ्ने बताए।

'भारत बेलायतको सबैभन्दा ठूलो लगानीकर्ता हो। यो २७ युरोपेली देशहरू सँगै राखिएको भन्दा भव्य छ र तपाईंले यस लगानीलाई बेलायतमा र भारतमा आउँदै गरेको देख्नुहुनेछ । यो दुई गुणा ले मात्र होइन कि चार गुणाले वृद्धि हुनेछ। र हामी यो धेरै कमजोर संसारमा बाँच्नका लागि धेरै बलियो बन्धनको निर्माण गर्नेछौं । हामीले महामारी जस्ता खतराहरू सम्बोधन गर्न आवश्यक छ। मलाई विश्वास छ कि यसले निकै राम्रो नतिजा दिनेछ, "उनले भने।

"तपाईंको व्यवसायको सहजता अब ४७ छ। यो पहिले १०१ थियो। तपाईले बेलायतका व्यवसायीहरुलाई भारतमा लगानी गर्न अत्यन्त आकर्षक बनाउनुभयो र हामी विश्वमा ७ औं स्थानमा छौं। हामी व्यक्तिगत लगानीका लागि सधैं राम्रो भएका छौं। यो व्यापार लगानीले नै मानिसहरूलाई गरिबीबाट निकाल्न, धन कमाउन, रोजगारी सिर्जना गर्न, अझ राम्रो जीडीपी ल्याउन र हाम्रो पूर्वाधार सुधार गर्न मद्दत गर्न सक्छ, उनले थपे।

प्रधानमन्त्री नरेन्द्र मोदी र बेलायती प्रधानमन्त्री बोरिस जोनसनबीच भर्खरै सम्पन्न भर्चुअल शिखर सम्मेलनमा २०३० रोडम्याप राखिएको थियो।

## जिल्ला समाचार

### सिडिओहरूलाई मुख्यमन्त्रीको निर्देशन

जनकपुरधाम । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले कोरोना महामारीको अवस्थाबारे जानकारी लिन प्रदेशस्थित आठ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुसँग भर्चुअल सम्वाद गरेका छन् । पछिल्लो समयमा बढ्दै गएको कोरोना महामारीको अवस्था, रोकथाम र नियन्त्रणका लागी जिल्लाहरुमा भइरहेको प्रयास तथा आगामी दिनमा प्रदेश सरकारले चाल्नु पर्ने कदमहरुबारे सुझाव लिन मुख्यमन्त्री राउतले भर्चुअल सम्बाद गरेका हुन् । छलफलको क्रममा मुख्यमन्त्री राउतले महामारीको रोकथाम र नियन्त्रणका लागि सम्पूर्ण शक्ति लगाउन प्रमुख जिल्ला अधिकारीहरुलाई निर्देशन दिएका छन् । कोरोना जाँचका लागि प्रदेश सरकारले आठ वटै जिल्लामा पिसिआर मेशिन संचालनमा ल्याइसकेको हुँदा जाँचमा समस्या नहुने विश्वास व्यक्त गर्दै मुख्यमन्त्री राउतले उपचारका लागिसमेत प्रदेश सरकार तयारी अवस्थामा रहेको र थप तयारीसमेत शुरु गरिसकेको जानकारी गराएका थिए । छलफलको क्रममा प्रमुख जिल्ला अधिकारीहरुले कोरोना महामारी नियन्त्रणका लागि आठवटै जिल्लामा होल्डिङ्ग सेन्टरहरुको निर्माण गर्नु पर्ने सुझाव दिएका थिए । भर्चुअल सम्वादमा प्रदेश सरकारको तर्फबाट प्रमुख सचिव गोकर्णमणि दुवाडी, मुख्य न्यायाधिवक्ता दिपेन्द्र झा, आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव विरेन्द्र कुमार यादव, आर्थिक मामिला मन्त्रालयका सचिव, सामाजिक विकास मन्त्रालयका सचिव, चार वटै सुरक्षा निकायका प्रदेशस्थित प्रमुखहरुसहितको सहभागिता रहेको थियो ।

### तीन स्थानमा कोभिड अस्पताल सञ्चालन

रौतहट । कोरोना महामारीको दोश्रो लहरमा संक्रमितको संख्या तीव्र गतिमा बढिरहेको अवस्थामा रौतहटको तीन स्थानमा सुविधासहितको कोभिड अस्पताल सञ्चालनमा आएको छ । जिल्ला अस्पताल गौरमा पछिल्लो एक साताभित्र गरिएको ३६८ जनाको पीसीआर परीक्षणमा १८३ जनामा कोरोना पोजेटिभ देखिएको जिल्ला प्रशासनको तथ्याङ्कमा उल्लेख छ । मंगलबारको तथ्याङ्कअनुसार जिल्लाको १८ स्थानीय तहमध्ये बृन्दावन र राजपुर नगरपालिकामा मात्र संक्रमितको संख्या शून्य छ । बाँकी १६ तहमा सक्रिय संक्रमित पाईएको छ । जिल्ला सदरमुकाम गौर नगरपालिकामा सबैभन्दा बढी ४५ जना कोरोना संक्रमित पुष्टि भएको छ भने दोस्रो स्थानमा रहेको चन्द्रपुरमा ३४ जना संक्रमित भेटिएका छन् । जिल्लामा संक्रमितको संख्या बढ्दै जाँदा सीसीएमसी बैठकको निर्णयअनुसार मंगलबारदेखि जिल्लाको तीन स्थानमा कोभिड अस्पताल सञ्चालनमा आएको रौतहटका प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवले बताए । जिल्ला अस्पताल गौरमा अक्सिजनसहित १५ बेडको एचडियु, आईसियु र चारवटा भेन्टिलेटरसहितको कोभिड अस्पताल सञ्चालन भएको उनको भनाइ छ । त्यसैगरी गौर नर्सिङ क्याम्पसमा १० बेड र चन्द्रपुरमा ४६ बेडको कोभिड अस्पताल मंगलबारदेखि सञ्चालनमा आएको छ । चन्द्रपुर कोभिड अस्पताल सञ्चालन गर्न चन्द्रपुर, बृन्दावन, गुजरा र गढीमाई गरी चारवटा नगरपालिकाले लगानी गरिरहेको चन्द्रपुरका प्रशासकीय अधिकृत सुरेन्द्र प्रधानले बताए । यसैबीच प्रमुख जिल्ला अधिकारी यादवले अतिआवश्यक कामबाहेक घरबाट बाहिर ननिस्कन रौतहटवासीलाई आग्रह गरेका छन् । छिमेकी मुलुक भारतमा कोरोना महामारी तीव्ररुपमा फैलिरहेकाले आवतजावत नगर्न उनले अपिल गरेका छन् ।

### वाग्मती नदी क्षेत्रको डीपीआर सुरू

रौतहट । राष्ट्रिय गौरवको आयोजना सुनकोसी-मरिन डाइभर्सनको वाग्मती नदी क्षेत्रको विस्तृत अध्ययन प्रतिवेदन (डीपीआर) को काम थालिएको छ । यसका लागि आयोजनाले परामर्शदाताको छनोट थालेको हो । सुनकोसीतर्फ काम सुरु भए पनि वाग्मती क्षेत्रमा भने डीपीआर तयार गर्न परामर्शदाता छनोटको काम अघि बढेको वाग्मती सिँचाइ आयोजना प्रमुख मित्र बरालले बताए । 'रौतहट, सर्लाहीतर्फको जीर्णोद्धार, मर्मतसम्भार र कमान्ड एरियाको विकासका लागि कन्सलटेन्ट खरिद प्रक्रिया अघि बढिसकेको छ,' उनले भने, 'अब चाँडै परामर्शदाता छनोट गरेर काम अघि बढाउँछौं ।' सुनकोसीको पानी डाइभर्सनपछि मरिन नदीमा मिसाउन कमलामाई २ कुसुमटार फाँटमा खसालिनेछ । त्यसपछि मरिण नदी हुँदै ४२ किलोमिटर दूरीमा रहेको रौतहट/सर्लाहीस्थित वाग्मती बाँधमा पुऱ्याई सिँचाइ सुविधा बढाउने लक्ष्य छ । आयोजना प्रमुख बरालका अनुसार रौतहट र सर्लाहीमा पानी पुगेपछि महोत्तरी, बारा, धनुषा लगिने गरी डीपीआर तयार हुँदैछ । आयोजना सम्पन्न गर्न सुनकोसीतर्फ ४६ अर्ब रुपैयाँ लाग्ने उनले जनाए । रौतहटतर्फ अनुमानित लागत ३७ अर्ब ३२ करोड रुपैयाँ छ । डीपीआर तयार भएपछि लागतमा थपघट हुने उनको भनाइ छ । वाग्मतीमा पानीको बहाव कम हुँदै गएपछि रौतहट र सर्लाहीका किसानले समयमा सिँचाइ पाउन सकेका छैनन् । अहिले वाग्मती सिँचाइ आयोजनाबाट रौतहट र सर्लाहीको ४५ हजार हेक्टरमा मात्र सिँचाइ हुन्छ । हिउँदका बेला खेतमा पानी नपुगेर बाली सप्रिन नसकेको किसानको गुनासो छ । वाग्मतीको क्षमता १ लाख २२ हजार क्युसेक छ । वाग्मती सिँचाइ आयोजनाले नदीमा झन्डै ८ सय मिटर लामो ढोके पुल बनाई नहरमा पानी सप्लाई गर्दै आएको छ । आयोजना सम्पन्न भएपछि थप ७६ हजार हेक्टरमा सिँचाइ सुविधा पुग्नेछ ।

### महोत्तरीमा बुधबारदेखि निषेधाज्ञा जारी हुने

महोत्तरी । कोरोना संक्रमित बढ्दै गएपछि महोत्तरीमा जिल्लाभर निषेधाज्ञा लगाउने निर्णय भएको छ । प्रशासनले वैशाख २२ गते बुधबार विहान ६ बजेदेखि ३१ गते शुक्रबार राति १२ बजेसम्म जिल्लाभर निषेधाज्ञा लगाउने निर्णय गरेको प्रमुख जिल्ला अधिकारी तिर्थराज भट्टराईले जानकारी दिए । कोरोना संक्रमणको दर अत्यधिक बढेको र केही संक्रमितको मृत्युसमेत भएकोले संक्रमणको चेन ब्रेक गरी यसलाई न्यूनिकरण तथा रोकथाम गर्न निषेधाज्ञा लगाइएको प्रजिअ भट्टराईले बताए । जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको बैठकले जिल्लाका सबै पालिकाहरुले आ-आफ्नो बिरामीका लागि अत्यावश्यक पर्ने अक्सिजन सिलिण्डर हाललाई न्यूनतम २०-२० थान खरिद गरी व्यवस्थापन गर्ने तथा थप सिलिण्डर व्यवस्थापनका लागि प्रदेश सरकारसँग माग गर्ने निर्णय गरेको छ । निषेधाज्ञामा सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, स्विमिङ पुल, सपिङ मल, हाट बजार, मनोरञ्जनस्थल, सैलुन, ब्युटिपार्लर, जिमखाना, समूहमा खेलिने खेलकुद, पुस्तकालय, संग्रहालय लगायत सञ्चालन गर्न रोक लगाइएको छ । विवाह, व्रतवन्धजस्ता सामाजिक कार्यको हकमा बढीमा १५ जनासम्म सहभागी भइ स्वास्थ्य प्रोटोकल पालना गर्ने गरी गर्न सकिने र सो प्रयोजनका लागि बढीमा २ वटा साना गाडी र एउटा ठूलो गाडीमा शुभविवाहको ब्यानर राखी सञ्चालन गर्न सकिने स्थानीय प्रशासनले जनाएको छ ।

### भारततर्फ अक्सिजन लैजाने तीनजना पक्राउ

जनकपुरधाम । नेपालबाट भारततर्फ अक्सिजन तस्करी गर्ने तीनजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा धनुषाको जनकपुरधाम उपमहानगरपालिका वडा नं. ७ का ३६ वर्षीय जमरुदिन राईन, वडा नं. २ का ५० वर्षीय दिनेश कुमार शर्मा र महोत्तरीको सोनमा गाउँपालिका वडा नं. ६ का विपिन चौधरी रहेको महोत्तरीका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक प्रकाश विष्टले जानकारी दिए । प्रहरीको गस्ती टोलीले महोत्तरीको जलेश्वर नगरपालिका ३ स्थित नेपालबाट भारततर्फ लैजाने प्रयोजनको लागि राखेको ३ थान भरिएको अक्सिजन सिलिण्डर नियन्त्रणमा लिएको थियो । त्यस्तै सोमबार जलेश्वर नगरपालिका वडा नं. १२ थरुवाहीस्थित लुकाईछिपाई नेपालबाट भारततर्फ स्कारपियो जीपमा ७/७ केजीको २ थान भरिएको अक्सिजन सिलिण्डर बरामद गरिएको प्रवक्ता विष्टले बताए । उनले पक्राउ परेका तीनै जनालाई नियन्त्रणमा राखि थप अनुसन्धान भइरहेको बताए ।

### सिरहाका सबै नाका बन्द

लहान । नेपाल-भारतसँग जोडिएका सिरहाका सबै सिमानाका सिल गरिएको छ । कोभिड-१९ को संक्रमण तीव्र गतिमा फैलिँदै गएपछि रोकथाम तथा निन्त्रणका लागि भन्दै सिरहाका सबै सिमानाका सिल गरिएको सिरहाका प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलले जानकारी दिए । भारतीय सीमाक्षेत्रसँग जोडिएका ठाडी, बरियारपट्टी, औरही, झाझपट्टीलगायत सबै नाकाबाट आवतजावत गर्न अब पूर्ण रोक लगाइएको उनले बताए । बढ्दो कोभिड-१९ को जोखिमलाई दृष्टिगत गरी भारतीय सीमासँग जोडिएका नाका सिल गरिएको उनको भनाइ छ ।

कला/साहित्य — कमल मण्डल

# अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा मैथिली फिल्म 'मेडम जी'



राजविराज । अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा भाग लिनका लागि मैथिली समुदायको यर्थात् घटनालाई विषयवस्तु बनाएर मैथिली भाषाको सर्ट फिल्म 'मेडम जी' को छायाँकन सम्पन्न भएको छ ।

छिन्नमस्ता फिल्मस प्रा.लि.को ब्यानरमा निर्माता तथा निर्देशक राजु चौधरी रहेको उक्त फिल्मको छायाँकन सम्पन्न भएको कुरा जानकारी दिएको छ ।

छायाँकनः गणेश मण्डल रहेको उक्त फिल्मम, कलाकारः आरके पाण्डे, रेणुका माझी, बउवालाल खंग, ईन्द्रकला देवी, कमल मण्डल, बन्दना चौधरी लगायतका कलाकारहरुको अभिनय रहेको छ ।

नशाको कुलतमा फँसेका आफ्नो श्रीमानलाई सहि बाटोमा ल्याउन गरेको मर्म स्परस अभिनय रहेको छ।

निर्देशक राजु चौधरी मैथिली सिनेमा क्षेत्रका एक हस्तीको रुपमा परिचति नाम हो । दर्जनौं फिल्म तथा हजारौं गीतको सफल निर्देशन गरिसकेको राजु चौधरी आफ्नो फिल्मबाट निकै आशावादी रहेका छन् ।

फेस्टिभलमा मैथिली भाषाको फिल्म सहभागी हुनु नै एउटा ठूलो कुरा भएको बताउने चौधरी मैथिली, नेपाली र अंग्रेजी भाषामा समेत डबिंग गरिने कुरा जानकारी गराएका छन् ।

# अश्विनीलाई 'बेस्ट कोरियोग्राफर' को अवार्ड



काठमाडौं । नेपालका चर्चित कोरियोग्राफर अश्विनी झालाई 'बेस्ट कोरियोग्राफर अफ दी ईअर' अवार्ड प्रदान गरिएको छ । राजधानीमा सम्पन्न 'नेपाल म्यूजिक एण्ड फेशन अवार्ड' समारोहमा कोरियोग्राफर अश्विनी झा वर्षको उत्कृष्ट कोरियोग्राफर विधामा सर्वोत्कृष्ट 'फेसन तथा पेजेन्ट कोरियोग्राफर अफ दि इयर' को अवार्ड पाएका छन् । विगत लामो समयदेखि ब्यूटी पेजेन्ट तथा फैशन क्षेत्रमा सक्रिय कोरियोग्राफर अश्विनीले तीन सयभन्दा बढी सोहरूको कोरियोग्राफी गरिसकेका छन् ।

कोरियोग्राफर झा २०७७ सालमा युवा तथा खेलकूद मन्त्रालयबाट राष्ट्रिय युवा प्रतिभा पुरस्कारबाट सम्मानित भइसकेका छन् । २०७७ सालमै उनी नेसनल इंटरटेनमेंट अवार्ड पनि प्राप्त गर्न सफल भए । यसअघि सिंगापुरमा आयोजित एक विषेश समारोहमा उनले गोल्डन ब्राण्ड अवार्डमा बेस्ट कोरियोग्राफर सावित भएर नेपालको गरिमा बढाएका थिए । २०७५ सालमा आयोजित समारोहमा झा 'हिरो अफ द मधेश' अवार्डबाट सम्मानित भएसँगै सन् २०१७ मा 'रैम्जोन एक्सलेन्स' अवार्डबाट पनि सम्मानित भईसकेका छन् ।

कोरियोग्राफर झा सम्मानित भएको उक्त विशेष समारोहमा फेसन, मोडलिङ क्षेत्रमा कार्यरत विभिन्न व्यक्तित्वहरूलाई पनि उक्त समारोहमा वर्षको उत्कृष्ट अवार्ड प्रदान गरिएको छ । नेपालका प्रथम उपराष्ट्रपति परमानन्द झाको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त अवार्ड समारोह स्टार वन इन्टरटेनमेन्टको आयोजना र विलक्षण क्रियसनको व्यवस्थापनमा भएको थियो ।

बेस्ट पेजेन्ट डिरेक्टर अफ दि इयर ( मेल) निशुकान्त झा, बेस्ट पेजेन्ट डिरेक्टर अफ द इयर (फिमेल) प्रतिमा कार्कीले पुरस्कार प्राप्त गरेका छन् । यसैगरी, हेयर स्टाइलिस्ट रीना अवाले मेकअप आर्टिस्ट, गीता पौडेल न्याम्प मोडल, एन्जल श्रेष्ठ न्याम्प मोडल ( बाल), जियान श्रेष्ठ तथा इन्टरनेसनल उमन एचिभर मनीषा डंगोल, पेजेन्ट मोडल (मोफसल) आकांक्षा विश्वकर्मा पुरस्कृत भएका छन् ।

# भारतद्वारा साना जलविद्युत प्लान्टको पुनर्स्थापना




काठमाडौं । भारत सरकारको रु. २ करोड ६३ लाख आर्थिक सहयोगमा जुम्ला जिल्लाको चन्दननाथ नगरपालिकामा हालै पुनर्स्थापना गरिएको साना जलविद्युत प्लान्टको पुनर्स्थापना गरिएको छ ।

भारतीय राजदूतावासका प्रथम सचिव (विकास साझेदारी तथा पुनर्निर्माण प्रभाग) करुण वंशल, जिल्ला समन्वय समिति, जुम्ला तथा नेपाल विद्युत प्राधिकरण, जुम्लाद्वारा भर्चुअल माध्यममार्फत उद्घाटन गरिएको हो ।

जुम्ला जिल्लाको चन्दननाथ नगरपालिकामा अवस्थित २०० किलोवाट विद्युत उत्पादन क्षमता भएको यस जलविद्युत प्लान्टको निर्माण नेपाल विद्युत प्राधिकरणले सन् १९८३ मा गरेको हो । प्राकृतिक विपदका कारण उक्त प्लान्टमा क्षति पुगेको थियो ।

उपभोक्ता समिति, स्थानीय बासिन्दा र जिल्ला समन्वय समिति, जुम्लाको विशेष अनुरोधमा उक्त पावर प्लान्टको पुनर्स्थापनाका लागि भारत सरकारले आर्थिक सहयोग गरेको हो ।

'नेपाल-भारत विकास सहकार्य' कार्यक्रम अन्तर्गत भारत सरकारको अनुदानमा जलाशय ट्याङ्कीको निर्माण र जलविद्युत प्लान्टको पुनर्स्थापना गरिएको हो । जिल्लाको चन्दननाथ नगरपालिकाका करिब २०,००० मानिसहरु यस प्लान्टबाट लाभान्वित हुनेछन् ।

भारतले नेपालमा ४५० वटा उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरु सम्पन्न गरिसकेको छ जसमध्ये जुम्ला जिल्लाका २ वटा परियोजना सहित १० वटा परियोजनाहरु प्रदेश नं ६ मा रहेका छन् ।

भारत सरकारको आर्थिक सहयोगमा सञ्चालित प्रदेश नं ६ का ४ वटा परियोजनाहरु निर्माण र कार्यान्वयनका विभिन्न चरणमा रहेका छन् । यी बाहेक भारतीय राजदूतावासले जुम्ला जिल्लाका विभिन्न स्वास्थ्य चौकी तथा गैरसरकारी संस्थालाई ५ वटा एम्बुलेन्स उपहार स्वरुप प्रदान गरिसकेको छ । यस परियोजनाले प्राविधिको पहुँच पूर्णरुपमा स्थापित भइनसकेको त्यस क्षेत्रको अर्थव्यवस्थालाई सुदृढ बनाउनुका साथै रोजगारीको सिर्जना गरी त्यस क्षेत्रका मानिसहरुको जीवनस्तर उकास्न सहयोगी भूमिका खेल्नेछ ।

# बिजुलीमा भारतको भर

काठमाडौं । नेपालका जलविद्युत् आयोजनाबाट बिजुली उत्पादन घटेसँगै छिमेकी भारतबाट दैनिक कुल मागको ६० प्रतिशतभन्दा धेरै हिस्सा आयात गरेर बिजुलीको माग धान्दै आएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ । हिउँदमा अधिकांश नदीनालामा पानीको सतह घटेसँगै प्राधिकरणले कुल मागको ६० प्रतिशतभन्दा धेरै बिजुली भारतबाट आयात गरेर आपूर्ति गरिरहेको प्राधिकरणको भनाइ छ ।

प्राधिकरणका प्रवक्ता मदन तिमिल्सिनाले नदीनालामा पानीको सतह घटेसँगै स्वदेशका आयोजनाबाट बिजुली उत्पादनमा कमी आएको बताए । 'नेपालका अधिकांश जलविद्युत् आयोजना रन अफ द रिभरमा आधारित छन्,' उनले भने, 'हिउँदेयाममा भारतबाट बिजुली आयात गरेर माग धानिरहेका छौं ।'

स्वदेशमा प्राधिकरण मातहतका आयोजनाबाट दुई सय ५४ मेगावाट र निजी क्षेत्रका जलविद्युत् प्रवर्द्धक कम्पनीबाट दुई सय ३४ मेगावाट बिजुली उत्पादन छ । प्राधिकरणका प्रवक्ता तिमिल्सिनाले कुलेखानी जलविद्युत् आयोजनाको जलाशयमा पानीको सतह घटेसँगै प्राधिकरण मातहतका आयोजनाको उत्पादन कम भएको बताए ।

'अहिले भारतीय आयातित बिजुलीको अंश धेरै छ,' उनले भने, 'वर्षायाम सुरु भएसँगै भारतबाट आयात हुने बिजुलीको मात्रा घट्नेछ ।'

प्राधिकरणले आर्थिक वर्ष ०७६/७७ मा कुल ७ अर्ब ७४ करोड युनिटमध्ये छिमेकी भारतबाट एक अर्ब ७२ करोड युनिट बिजुली आयात गरेर माग पूरा गरेको हो । भारतबाट आयात गरिएको बिजुलीको मूल्य करिब १३ अर्ब ५८ करोड रूपैयाँ थियो । गत आवमा खपत भएको ७७४१ गिगावाट आवर (सात अर्ब ७४ करोड युनिट) बिजुलीमध्ये भारतबाट २२.३४ प्रतिशत मात्रै आयात गरिएको थियो ।

आर्थिक समाचार

# नेपाल लाइफ २१औं वर्षमा




काठमाडौं । नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड आफ्नो स्थापनाको २० वर्ष पुरा गरी २१ औं वर्षमा प्रवेश गरेको छ । कम्पनी वि.स. २०५८ साल वैशाख २१ गते स्थापना भई बीमित तथा सेवाग्राहीहरुलाई निरन्तर उत्कृष्ठ सेवा प्रदान गर्दै आइरहेको छ ।

देशका दुरदराज, कुनाकन्दरासम्म बीमाको पुहँच पुऱ्याउँदै मानिसको जीवनमा आइ पर्ने जोखिममा आर्थिक भार कम गर्दै आम मानिसको मुहारमा मुस्कान छर्न र पीडामा मलम लगाउन सफल भई आज देशको सबैभन्दा सफल र उत्कृष्ट लाइफ इन्स्योरेन्स कम्पनी बन्न सफल भएका छौं, कम्पनीले जनाएको छ ।

देशले भोगिरहेको यस विषम परिस्थितिको सामना गर्न अग्रपंतीमा रही निरन्तर सेवामा लागिरहनु भएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मी, चालकवर्ग, खाद्यान्यलगायत अत्यावश्यक सामग्री उपलब्ध गराउने सबैलाई उच्च सम्मान प्रकट गर्दछौं, कम्पनीले जारी गरेको विज्ञप्तीमा जनाएको छ ।

२१ औं वार्षिकोत्सवको अवसरमा प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईले हामीलाई यो उचाइसम्म ल्याई पुऱ्याउनमा निरन्तर विश्वासका साथै सदैव साथ एवं उचित मार्गनिर्देश दिनुहुने आदरणीय नियमनकारी निकाय, संचालक समिति, शेयरधनी लगायत सबैमा हार्दिक कृतज्ञताका साथै धन्यवाद व्यक्त गर्नुभयो । साथै यस अवसरमा कम्पनीलाई निरन्तर विश्वास र भरोसा गर्नुहुने हाम्रा आदरणिय बीमितहरु, अहोरात्र खटिइ नेपाल लाइफको सेवा विस्तारमा साथ दिनुहुने आत्मिय अभिकर्ताहरु तथा कम्पनीको बृहत्तर हितका लागि मेहनती र लगनशिल भई सेवा प्रवाह गर्नुहुने सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्नु भयो । हाल कोरोना भाइरस महामारीका कारण सम्पूर्ण विश्व नै आक्रान्त भइरहेको अवस्थामा सबैलाई संयमता अपनाउँदै आफू, आफ्नो परिवार, समाज एवं सम्पूर्णको सुरक्षा तथा स्वास्थ्यलाई ध्यानमा राख्दै स्वास्थ्य मापदण्ड अपनाई आवश्यक जीवनशैली अपनाउन आग्रह गर्नुभयो ।

प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईले आगामी दिनमा सबैको सहयोग, सद्भाव र मार्गदर्शनको निरन्तरताको अपेक्षा गर्दै अटुट विश्वास र अथाह स्नेहका साथ कम्पनी र सेवाग्राहीबीचको मजबुत सम्बन्ध सधैं कायम रहिरहोस्, हामी तपाईंहरूकै सेवामा अझ कैयौं वर्ष अनवरत रूपमा लागिरहने प्रतिवद्धता व्यक्त गर्नुभयो । साथै यस कोरोना भाइरसको महामारीमा पनि सरलरुपमा जीवन बीमा सेवा प्रवाह गर्न कम्पनीले कुनै कसुर बाँकी नराख्ने प्रतिवद्धता जाहेर गर्नुभयो ।

समयसापेक्ष नेपाल लाइफले प्रविधिमैत्री सेवा प्रदान गर्दै आइरहेको छ । नेपाल लाइफको बीमा शुल्क (प्रिमियम) विभिन्न डिजिटल पेमेन्ट सिस्टम तथा डिजिटल वालेटबाट कुनै पनि ठाउँबाट जुनसुकै समयमा भुक्तानी गर्न सकिने सुविधा प्रदान गरेको छ । नेपाल लाइफको प्रिमियम डिजिटल वालेटहरु ई-सेवा, खल्ती, कनेक्ट आइपीएस, फोन पे, आईएमई पे तथा प्रभु पे लगायतबाट अनलाइन भुक्तानी गर्न सकिन्छ ।

करिब एक तिहाइ बजार हिस्सा ओगट्न सफल यस कम्पनी जीवन बीमा क्षेत्रमा हरेक सूचकांकले अब्बल सावित भएको छ । कम्पनीमा सर्वाधिक लगानी रु. १११.४७ अर्ब रुपैयाँ रहेको छ भने सर्वाधिक जीवन बीमाकोष रु. १०१ अर्ब २८ करोड रुपैयाँ र सर्वाधिक शेयरधनी कोष रु. ८ अर्ब ८५ करोडभन्दा बढी रहेको छ । कम्पनीको सर्वाधिक चुक्ता पूँजी रु. ७.१९ अर्ब भन्दा माथि रहेको छ भने १ अर्बभन्दा बढि सर्वाधिक बजार पूँजिकरण रहेको छ । यस कम्पनीले सर्वाधिक आंशिक अवधि भुक्तानी रु. ११.९८ अर्ब, सर्वाधिक पूर्ण अवधि भुक्तानी रु. ९.७७ अर्ब तथा सर्वाधिक मृत्युदावी रु.३.७३ अर्ब भन्दा बढि भुक्तानी गरिसकेको छ । कम्पनीमा १,७६,०४३ भन्दाबढी सर्वाधिक प्रशिक्षित अभिकर्ता रहेका छन् । कम्पनीले आफ्ना सेवाग्राहीहरु तथा ग्राहकहरूका लागि देशभर फैलिएका आफ्ना हाल २ सय शाखा तथा उपशाखाहरू मार्फत जीवन बीमासम्बन्धी सम्पूर्ण सेवा उपलब्ध गराइरहेको छ । यस कम्पनीमा हालसम्म वैदेशिक रोजगार समेत गरि २८ लाख ८२ हजार ३ सय ४२ व्यक्ति बीमित भइसकेका छन् । ग्राहकहरूको हितलाई ध्यानमा राखी कम्पनीले समयसापेक्ष आवश्यकता अनुसार सेवा तथा सुविधामा परिमार्जन एवं परिष्कृत गर्दै लैजाने प्रतिबद्धता व्यक्त गरेको छ ।

# भारतमा उडान जारी

काठमाडौँ । कोरोना महामारीको दोस्रो लहरमा खेपिरहेको भारतमा हप्ताको दुई दिन उडान हुने गरी सबै आन्तरिक तथा बाह्य उडान बन्द भएको छ । मन्त्रिपरिषद्को हवाई उडानसम्बन्धी पाँचबुँदे पछिल्लो निर्णयले आन्तरिक र बाह्यतर्फका नियमित उडान वैशाख मसान्तसम्म बन्द गरेको छ ।

अन्य देशसँगको उडान बन्द भएपनि गत वर्षदेखि सञ्चालनमा रहेको भारतसँगको उडान भने अझै सातामा दुई दिन दुईतर्फी नै सञ्चालनमा रहनेछ । हाल नेपाल र भारतबीच एयर बबल प्रणालीअनुसार साताभर उडान हुँदै आएको छ । यो अवधिमा अनुमति लिएर चार्टर्ड उडान भने गर्न सकिने नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ । भारतबाट आउने यात्रुले अनिवार्य १० दिन क्वारेन्टिनमा बस्नुपर्ने सर्त अघि सारिएको छ ।

त्यस्तै नेपाल आएका भारतीयलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन बोर्ड, नेपाल प्रहरीको संयुक्त अनुगमन टोलीले क्वारेन्टिनमा बसे न बसेको अनुगमन गरी कोभिड १९ संकट व्यवस्थापन केन्द्रमा दैनिक रूपमा प्रतिवेदन बुझाउन समेत निर्देशन भएको छ ।

साथै, कुनै पनि उडानमा पिसिआर पोजेटिभ भएका यात्रुलाई बोर्डिङ पास दिई यात्रा गराएमा सो उडानमा रहेका सबै यात्रुको होटल क्वारेन्टिनको खर्च सम्बन्धित एयरलाइन्सले बेहोर्नुपर्ने समेत सरकारको निर्णयमा उल्लेख छ ।

# भारतबाट आउने यात्रु होटेलमा रहनु पर्ने

काठमाडौँ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले भारतबाट नेपाल आउने यात्रुलाई क्वारेन्टिनमा राख्नका लागि आठ होटललाई सूचीकृत गरेको छ । नेपाल-भारतबीच कायम सुविधाअन्तर्गत भारतबाट हवाई उडानमार्फत आउने यात्रुलाई १० दिन अनिवार्य क्वारेन्टिनमा राख्नका लागि होटल सूचीकृत गरिएको हो ।

मन्त्रालयले क्वारेन्टिनका लागि जारी गरेको सूचनामा गोदावरीको भ्यू भृकुटी, गुहेश्वरीस्थित माधव होटेल, एयरपोर्टस्थित एयरपोर्ट होटेल, गौसालाको अमादब्लम होटेल, रिडर्स इन र आनन्द आश्रम तथा जगातीस्थित फार्म हाउस रिसोर्ट र ए-वान रिसोर्ट रहेका छन् । यी होटेलमा १० देखि ९१ कोठा उपलब्ध छन् । उल्लेखित होटलको विवरण नेपाल पर्यटन बोर्डले आवश्यकताअनुसार समयसमयमा अधावधिक गरी सरोकारवालालाई सूचित गर्ने मन्त्रालयले जारी गरेको सूचनामा भनिएको छ ।

नेपाल वायुसेवा निगम र एयर इण्डियाको समन्वयमा नेपाल पर्यटन बोर्डले यात्रुको विवरण लिने र यात्रुको क्वारेन्टिन व्यवस्थापनमा सहयोग गर्ने गरी जिम्मेवारी तोकिएको पनि सूचनामा उल्लेख छ । यात्रु अनिवार्य १० दिन क्वारेन्टिन बस्नु पर्नेछ । त्यसरी नबसेको पाइएमा होटेलले प्रहरीलाई खबर गर्नुपर्नेछ ।

# महामारीमा...

चिकित्सकहरु बताउँछन् ।

प्रदेशमा कोरोना संक्रमितहरुको संख्या दिनानुदिन बढेपनि उपचारको लागि अति आवश्यक आइसीयू, भेन्टिलेटर लगायतका अत्यावश्यक उपकरण तथा दक्ष जनशक्तिको अभाव रहेको छ । कोरोना महामारी आएपनि प्रदेशका सबै जिल्लामा भेन्टिलेटर तथा आइसीयुको व्यवस्था गरिएको छ तर जनशक्तिको अभावमा त्यो प्रयोगविहीन नै बनेको छ ।

प्रदेश २ को सामाजिक विकास मन्त्रालय अन्तर्गतको स्वास्थ्य महाशाखा प्रमुख नवल झाका अनुसार अहिले प्रदेश २ मा जम्मा ४५ वटा भेन्टिलेटर उपलब्ध छ । वीरगञ्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा १०, वीरगञ्जकै नेशनल मेडिकल कलेजमा १०, जनकपुरधामको प्रादेशिक अस्पतालमा ७ वटा भेन्टिलेटर तयारी अवस्थामा छन् ।

त्यस्तै महोत्तरीको जलेश्वरमा ५, सप्तरीको राजविराजमा ४, बाराको कलैयामा २, रौतहटको गौरमा ४, सिरहामा २ र लहानमा १ भेन्टिलेटर छ । सर्लाहीमा भने अहिले एउटा पनि भेन्टिलेटर उपलब्ध छैन ।

प्रदेशमा ४५ वटा भेन्टिलेटर भएता पनि जनशक्तिको अभावमा अधिकांश भेन्टिलेटर प्रयोगविहीन रहेको स्वास्थ्य महाशाखा प्रमुख झाले बताए । उनले वीरगञ्जको नारायणी उपक्षेत्रीय अस्पताल र नेशनल मेडिकल कलेजमा मात्रै दक्ष जनशिक्त रहेको र जनकपुरधामको प्रादेशिक अस्पतालमा जसोतसो चलिरहेको बताए ।

प्रदेशका विभिन्न जिल्लामा ७१ बेडको आइसीयुको व्यवस्था छ । वीरगञ्जको नारायणी उपक्षेत्रीय अस्पतालमा १५, नेशनल मेडिकल कलेजमा २६, जनकपुरधामको प्रादेशिक अस्पतालमा १०, रौतहटको गौरमा १० वटा, जलेश्वरमा ५ र सिरहामा ५ बेडको आइसीयुको व्यवस्था गरिएको छ ।

त्यस्तै प्रदेशमा १ सय ८१ बेडको हाइ डिपेन्डेन्सी युनिट (एचडीयु)को व्यवस्था गरिएको स्वास्थ्य महाशाखा प्रमुख झाले बताए । वीरगञ्जको नेशनल मेडिकल कलेजमा सबैभन्दा बढी ३१ बेडको एचडीयु रहेको छ ।

त्यस्तै वीरगञ्जको नारायणी उपक्षेत्रीय अस्पताल, जनकपुरधामको प्रादेशिक अस्पताल र राजविराजमा २५/२५ बेड तथा बाँकी जिल्लाहरुमा १५/१५ बेडको एचडीयुको व्यवस्था गरिएको छ ।





## मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

मोबाइल : ९८४३१४६४८८

**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामस** ... कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : mad ... gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं